


PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ भदौ ०९ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 August 25 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ०८

## वीरगंज बसपार्क: आधुनिकीकरण भएपनि बस पार्किङ हुँदैन

प्रस, वीरगंज, ८ भदौ/

वीरगंज बसपार्क आधुनिकीकरण भएको वर्ष बितिसक्दा पनि अहिलेसम्म सबैखाले बस सेवाहरू बसपार्कबाट सञ्चालन हुन सकेका छैनन्।



आधुनिकीकरण भएको वीरगंज बसपार्क र बसपार्कबाहिरबाट सञ्चालित बससेवा। तस्वीर: नितेश कर्ण

बसपार्कबाट बस सञ्चालनको लागि कैयौंपटक प्रयास भए तापनि जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साले यस सम्बन्धमा चासो नदेखाउँदा बसपार्कबाट सञ्चालन हुन नसकेको हो।

वीरगंजबाट देशका विभिन्न भागमा छ सयभन्दा बढी बस सञ्चालन हुँदै आएका छन्। छ सय बसमध्ये बसपार्कबाट अहिले आधाभन्दा कमै बसहरू सञ्चालन भइरहेका छन्। बसपार्कमा दैनिक ५० वटा बस मात्रै राति पार्किङ गरिन्छ।

बसपार्क महानगरपालिकाले निजी साझेदार कार्यक्रम अन्तर्गत एनके इन्टरप्राइजेजमार्फत सञ्चालन गर्दै आएको छ। एनके इन्टरप्राइजेजका शिवजी गुप्ताले सञ्चालन हुने बसहरूमध्ये आधाभन्दा कमै बस पार्किङ हुने गरेको बताए। उनले सबै बस यत्रतत्रबाट सञ्चालन हुने र त्यसलाई बसपार्कमा ल्याउन नसकिएको बताए।

वीरगंज महानगरपालिकाले आधुनिक बसपार्क निर्माण गरे पनि अहिलेसम्म वीरगंजको ब्यारेकअगाडि, वीरगंज भन्सार र बसपार्कबाहिरबाट बसहरू सञ्चालन भइरहेका छन्। बसपार्कबाहिरबाट सञ्चालित बसहरूलाई बसपार्कभित्रबाट सञ्चालन गर्न स्थानीय प्रहरी र ट्राफिकले सहयोग गर्ने र व्यवसायीहरूले पनि बसपार्कबाट सञ्चालन गर्ने प्रतिबद्धता जाहेर गरेको लामो समय भयो।

वीरगंज बसपार्कमा पार्किङ गर्दा टाटासुमोलाई ३३.९०, मिनीबसलाई ४५.२० र बसलाई ६७.८० रुपैयाँ पटके शुल्क लाग्दछ। तर सामान्य दररेटमा पनि बसहरू पार्किङ गरिएको छैन। सडकमा यत्रतत्र पार्किङ गर्ने प्रवृत्तिलाई रोक्न ट्राफिक प्रहरीले चासो देखाएको छैन।

## सरकारको गलत नीतिले उद्योग-व्यापार चौपट -वक्ताहरू

राधेश्याम पटेल, परवानीपुर, ८ भदौ/



तस्वीर: प्रतीक

परराष्ट्र मन्त्रालयको आयोजनामा वीरगंजमा आयोजित अन्तर्क्रियामा सहभागी वीरगंजका व्यापारीहरूले सरकारको गलत नीतिका कारण उद्योग–व्यापारको अवस्था नाजुक भएको र विदेशी लगानी भित्रिन बन्द भएको आरोप लगाएका छन्।

'नेपालको निर्यात व्यापार, लगानी तथा पर्यटन प्रवर्द्धनमा परराष्ट्र मन्त्रालय र विदेशी नियोगको भूमिका' विषयक अन्तर्क्रियामा व्यवसायीहरूले सरकारका विभिन्न गलत नीतिका कारण उद्योग, व्यापार, पर्यटन क्षेत्र नराम्ररी प्रभावित भएका र विदेशी लगानीमा सञ्चालित उद्योगहरूले थप समस्या भोग्न परिरहेको आरोप लगाएका छन्।

वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष अशोक बैदले सरकारी नीतिको कारण नेपालमा विदेशी लगानी जुन हिसाबमा आउनुपर्ने थियो, सोअनुरूप नआएको बताए। उनले 'विदेशीले किन उद्योग लगाउने, मुद्दा लड्नको लागि' भन्दै प्रश्न गरे। बैदले कन्साई नेरोलक पेन्ट्समा आफूले पाँच वर्षसम्म मुद्दा लडेको बताए। उनले भने– विदेशी ब्रान्ड नाइक र रिबोक जुत्ताको पनि यहाँ ब्रान्ड दर्ता गरेर जालझेल गर्ने व्यवसायीहरू बसेका छन्। एउटा उद्योग खोल्न २/३ वर्ष लाग्छ। पहिले फर्म दर्ता गर, अनुमति लेउ, वातावरणीय प्रभाव मूल्याङ्कन, बिजुली, जग्गाको समस्यालगायतले पनि उद्योग लगाउन नेपालमा झन्झट रहेकोले विदेशी लगानी नभित्रिएको दाबी गरे। बैदले सरकारले 'वन विन्डो सिस्टम'बाट काम र सेवा दिन भने पनि व्यवहारमा लागू नभएको र व्यवसायीले दुःख भोग्नुपरेको बताए। उनले सरकारी नीतिका कारण हरेक ठाउँमा पैसाको बलमा फाइल बढ्ने प्रवृत्ति रहेको खुलासा गरे। उनले उद्योग विभाग, राजस्व विभाग, स्थानीय पालिकालगायत सबै कार्यालयमा भ्रष्टाचार बढेको बताए। उनले स्थानीय तहमा सबैभन्दा बढी दुःख दिनेमा वडाध्यक्षहरू रहेको बताए। पैसा लिएर मात्र चौहदी प्रमाणित गर्ने गरेको बैदको आरोप थियो।

नेपाल उद्योग वाणिज्य महासङ्घ प्रदेश २ का अध्यक्ष गणेशप्रसाद लाठले पहिले र अहिलेको समयमा निकै परिवर्तन आइसके पनि सरकारले रोजगार सिर्जनाको लागि प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको बताए। उनले परराष्ट्र मन्त्रालयको उदासीनताका कारण विदेशी नियोग र त्यहाँका उद्योगी–व्यवसायीबाट व्यापारमा सहयोग नभएको आरोप लगाए।

वीउवासङ्घका पूर्वअध्यक्ष अशोककुमार टेमानीले भारतको समुद्री क्षेत्रबाट १४ सय किलोमिटर टाढा रहेको दिल्लीमा ढुवानी गरिने सामानभन्दा कोलकाताबाट ७ सय किलोमिटर टाढा रहेको वीरगंजमा सामान भित्र्याउँदा बढी खर्च लाग्ने गरेको बताए। यसबारेमा अढाई दशकदेखि आवाज उठाए पनि नेपाल सरकार र परराष्ट्र मन्त्रालयले कुनै चासो नदिएको उनले गुनासो पोखे।

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध गुप्ताले नेपाल–भारत सीमा लामो समयसम्म बन्द हुँदा पर्सा, बारा क्षेत्रसँगै हेटौंडा चितवन, काठमाडौं, पोखरालगायतका होटल तथा पर्यटन व्यवसाय धराशयी बनेको बताए। उनले मापदण्ड पूरा गरी सीमाबाट भारतीय गाडीको आवागमन सहज बनाउन सुझाए। भारतबाट मालसामान बोकेर गाडी आउने, सीमाबाट अवैधरूपमा हजारौं व्यक्ति ओहोरदोहोर गर्दा कोरोना नसने तर यात्रुवाहक सवारी लिएर भारतीय आउँदा कोरोना सर्ने जस्तो सङ्कुचित भावनाले सरकार ग्रसित रहेको आरोप लगाए। अध्यक्ष गुप्ताले दुई वर्षसम्म बन्द सीमाको असर दशकौंसम्म पर्ने चेतावनी दिए।

कार्यक्रममा परराष्ट्र मन्त्रालयका सहसचिव भरतकुमार रेग्मी, वीरगंज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवाल, उपाध्यक्ष हरि गौतम, परराष्ट्र मन्त्रालयका उपसचिव किरण शाक्य, ध्रुवराज भट्टराई, उद्धव लामिछाने, परराष्ट्र मन्त्रालय सम्पर्क कार्यालय वीरगंजका सुमेशचन्द्र द्विवेदीलगायतको सहभागिता थियो। कार्यक्रममा वीउवासङ्घका उपाध्यक्ष माधव राजपालले कार्यपत्र प्रस्तुत गरेका थिए।

## नेपालमा परियोजना सञ्चालनबारे अन्तर्क्रिया

प्रस, वीरगंज, ८ भदौ/




तस्वीर: सौजन्य

नेपालमा परियोजना सञ्चालन गर्दा उपलब्ध अवसर सम्बन्धमा नेपालस्थित भारतीय राजदूतावासले भारतीय उद्योग परिसङ्घ तथा नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको उपस्थितिमा पूर्वाधार क्षेत्रसँग सम्बन्धित भारतीय प्रमुख कम्पनीहरूसँग भर्चुअल अन्तर्क्रिया गरेको छ।

अन्तर्क्रियामा भारतीय राजदूतावासका नियोग उपप्रमुख नामग्य खम्पाले नेपाल–भारतको विशेष साझेदार तथा सबैभन्दा महत्त्वपूर्ण छिमेकी भएको बताइन्। उनले भारतको एकीकृत दक्षिण एशियाली क्षेत्रको लक्ष्यलाई अघि बढाउन नेपाल प्रमुख सहयोगीको रूपमा रहेको उल्लेख गरिन्। खम्पाले आर्थिक विकासका लागि नेपालले गरेको प्रयासमा पूर्वाधार क्षेत्रको ठूलो भूमिका रहेको बताइन्। पूर्वाधार क्षेत्रमा बढ्दो अवसरबारे चर्चा गर्दै खम्पाले नेपाललाई प्राथमिकताको सूचीमा राखी भारतीय कम्पनीहरूलाई सो अवसरबाट लाभ लिन सुझाव दिइन्।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव केशवकुमार शर्माले भारतीय कम्पनीहरूलाई पूर्वाधार क्षेत्रमा बोलपत्रको मात्रा, दायरा र प्रकृतिबारे जानकारी गराए। उनले फन्डिङ मोडालिटी, जोइन्ट भेन्चर र अन्य विषयहरूमा भारतीय कम्पनीका प्रतिनिधिहरूले उठाएका प्रश्नको पनि जवाफ दिए।

सहसचिव शर्माले भारतीय पूर्वाधार कम्पनीहरूलाई परियोजनाको मापदण्ड

(बाँकी अन्तिम पातामा)

## पोखरीमा डुबेर पाँचजना बालिकाको मृत्यु

प्रस, रक्सौल, ८ भदौ/



तस्वीर: सौजन्य

रक्सौल अनुमण्डलको रामगढवा अञ्चल क्षेत्र अन्तर्गत अहिरौलिया पञ्चायतको शिवपुर बिर्ता गाउँमा मङ्गलवार दिउँसो बाख्रा चराउन गएका पाँचजना बालिकाको पोखरीमा डुबेर मृत्यु भएको छ।

अञ्चल सिआई सुनील कुमार र अहिरौलिया पञ्चायतका मुखिया भिखारी दासले घटनाको पुष्टि गरेका छन्। उनीहरूले दिउँसो अढाई बजे बाख्रा चराउन गएका पाँचजना बालिकाको पोखरीमा डुबेर मृत्यु भएको बताए। बाख्रा चराउन गएका बालिकाहरू एकले अर्कालाई बचाउने क्रममा पोखरीमा डुबेर सो बीभत्स घटना भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। १० वर्षीया सरिता कुमारी, कौशल्या कुमारी, शोभा कुमारी, ८ वर्षीया सीमा कुमारी र ११ वर्षीया सुगी कुमारीको डुबेर मृत्यु भएको बताइएको छ। उनीहरूको शव शल्यपरीक्षणको लागि मोतिहारी पठाइएको छ।

बाख्रा चराउन गाउँदेखि पश्चिम सरेहमा गएका उनीहरू पोखरीमा नुहाउन गएका र सो क्रममा सुगी कुमारी पानीमा डुबेको र उनलाई बचाउन सरिता गएकी थिइन्। उनी पनि पोखरीको दलदलमा डुब्न थालेपछि उनीहरूलाई बचाउन गएका अरू तीनजना बालिकाको मृत्यु भएको हो।



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।

eprateekdaily.com

महामारीको समयमा आपत्कालीन सम्पर्क नम्बरहरू जानकारीमा राखौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## विचारसार र सूक्तिहरू

**जीवनमा के गऱ्यौ भनी सोध्ने मित्रलाई मैले हाँसेर कसैलाई धोखा दिनँ भनें ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## गाईजात्रा

**राजधानीमा भदौ ७ का दिन गाईजात्रा पर्व मनाइयो । गाईजात्रा राजधानीमा मात्र हुने मनोविज्ञानले ग्रस्त नेपाल सरकार, जुनसुकै व्यवस्था वा कालको भए पनि मोफसललाई गाईजात्रा मनाउने छुट दिएन । अर्थात् बिदा नै नदिए, केको जात्रा मनाउनु । गाईजात्रा मनाउने चलनबारे बहुश्रुत भनाइ राजा प्रताप मल्लकी पत्नी पुत्रवियोगमा लामो समयसम्म दु:खित भइरहँदा यो सङ्कट सबैको परिवारमा पर्छ भनी रानीलाई चेतना दिलाउन शुरू भएको हो । अर्थात् प्रत्येक वर्ष जुरेको तिथिमा एक दिन जसजसको घरमा मृत्यु भएको छ, उसले गाईजात्रा निकाल्ने चलन चलाइयो । रानी यस दु:खबाट ममात्रै होइन, अरू पनि दु:खी रहेछन्, मैले शोक गरिरहनु उचित होइन भन्ने ठानेर पुन: सामान्य जीवनमा फर्किन् । यो सार कथा हो । तर पछिपछिका शासकहरूले किन हो आफ्नो आलोचना गर्ने, व्यङ्ग्य गर्नेहरूलाई पनि सो दिन छुट दिने निर्णय गरे । अर्थात् जसले जति भाँडभैलो गरेपनि कानून नलाग्ने थिति व्यवस्थित भयो । त्यसैले पछिपछि ठूलो फजिहत भए वा सोचविपरीत काम भएमा गाईजात्रा भयो भन्ने उखान पनि प्रचलनमा आयो ।**

**गाईजात्रा राजधानी शहरमा मात्र मनाइन्छ । यो शतप्रतिशत सही होइन । किनकि मोफसलमा पनि जहाँ–जहाँ राजधानीबाट झरेर मानिसहरू बसे, त्यहाँ सानै रूपमा भए पनि गाईजात्रा मनाउन थालियो । तर सरकारले राजधानीबाहेक मोफसलमा कहिले पनि बिदा दिएन । शायद देशमा सबैभन्दा बढी भाँडभैलो राजधानीमा हुने भएकोले यसो भएको होला । राणाकाल र पञ्चायतकालमा देशमा खुबै भाँडभैलो हुन्थ्यो । त्यसैले तिनताक गाईजात्राको निकै प्रतीक्षा रहन्थ्यो । परम्परागत गाईजात्रालाई हास्य, व्यङ्ग्य, शब्द प्रहारजन्य चलनले अचेटचो । अनि त पछिपछि शासकहरूको खिल्ली उडाउने, उनीहरूले वर्षभरि गरेका गलती औंल्याउने, आलोचना गर्ने मुख्य पर्व बन्यो गाईजात्रा । अचेल पनि त्यस्तो हुन्छ । तर त्यति प्रभावकारी हुँदैन । किनकि अहिले शासक र गाईजात्रा मनाउनेहरूबीच कित्ताकाटको अवस्था छैन । त्यति बेला शासक थिए र जनता वा रैति थिए । अहिले त रैति नै शासक भएका छन् । यो कुरा पृथक हो कि आज शासक बनेका रैति–प्यादा से फर्जी भयो, टेंढो टेंढो जाय भन्ने उर्दू उखानका पात्र भएका छन् । शतरंजमा प्यादाबाट मन्त्री बन्न पुगेको गोटी टेंढो–तेर्सो जतापनि हिंड्न पाउँछ । त्यसैले मन्त्री बनेकाहरू आफ्नो स्वाभाविक संस्कार बिर्सेर शासक संस्कार अङ्गीकार गर्न पुग्छन् ।**

**तर यसपालि वीरगंजमा सहयात्री समाजले गाईजात्रा मनाएर मोफसलको परिवेशलाई एउटा नौलो आयाम दिएको छ । हुनत वीरगंजमा गाईजात्रा मनाएको आज होइन । परम्परागतरूपमा मनाउँदै आइएको छ । कुरा यति मात्र हो कि थोरै सङ्ख्यामा पुराना पहाडी मूलकाहरूले मात्र मनाउँथे । अरूले यस जात्रालाई स्वीकार गरेका थिएनन् । यहाँ कोही मर्दै–मर्दैन भन्ने होइन । मृत्युलाई प्रकृतिको स्वाभाविक प्रक्रिया मानेर लामो दु:ख मनाउ गर्ने न कसैसँग समय थियो, न हताश मानसिकता नै । त्यसैले सरकारले पनि छुट्टी नदिएको हुनुपर्छ । हो, गाईजात्राको जुन हास्य–व्यङ्ग्यको कुरा छ, त्यो तराईको भूभागमा होली पर्वको अवसरमा गरिन्थ्यो । होलीमा भित्ते कार्टून, होलीका साथ समाजका ठूला–बडाहरूको खिसी गर्नु, गाली गर्नु, व्यङ्ग्य गर्नुलाई यहाँ पनि सहृदयताका साथ स्वीकार गरिन्थ्यो । आज त्यो परम्परा लोपप्राय: छ ।**

# ओली बा भर्सेज देउवा

स्वतन्त्र विचार



विनोद गुप्ता

**ओली यही चुक्नुभयो । उहाँले परिस्थितिअनुकूल गोटी चाल्नुभएन र असफल हुनुभयो त्यो पनि दुई तिहाइको बहुमत भएर देउवाले परिस्थिति बुझेर गोटी चाल्नुभएको छ । त्यसले हामी नेपालीले भावावेशमा आएर देउवालाई आलोचना गर्नुभन्दा यो उनको बाध्यता भएको बुझिदिनु बढी उपयुक्त होला जस्तो लाग्छ ।**

वर्तमान प्रधानमन्त्री देउवाले दल विभाजन गर्न हठात् संसद्को बैठक अन्त्य गरी जारी गरेको अध्यादेशले देशैभर ठूलो राजनीतिक तरङ्ग ल्याएको छ । नयाँ सरकार र खासगरी देउवाको सर्वत्र कटु आलोचना भइरहेको छ । देउवा सरकार ओलीपथमैं हिंडेको आरोपहरू पनि लाग्न थालेका छन् । नेपाली काङ्ग्रेसभित्रबाट पनि यसको विरोध भइरहेको छ । तर यो सरकार जसले संसद्मा १६५ मत पाएर विश्वास पाएको थियो, त्यसले हठात् किन यस्तो निर्णय गऱ्यो भन्ने प्रश्नमा भने खासै ध्यान दिएको देखिंदैन ।

अध्यादेश आउनुभन्दा केही दिनअगाडि माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले सरकारमाथि खतराको घण्टी बजिरहेको भनेर भन्नुको पछाडि केही न केही अर्थ पक्कै थियो होला होइन भने त्यसपछि त तत्कालै यो अध्यादेश आइहाल्नुपर्ने थिएन । के हुन सक्छ त त्यस्तो भनेर विचार गर्दा संयुक्त सरकारको साझा अवधारणापत्रबारे पूर्वप्रधानमन्त्री केपीशर्मा ओलीले संसद्मा अत्यन्त जोडतोडका साथ उठाउनुभएको एउटा प्रसङ्ग एमसिसी थियो भने अर्को चुच्चे क्षेत्रको थियो । काङ्ग्रेसभित्र भने चीनसँगको सीमा मिचाइको कुरा पनि उठेको प्रसङ्ग बाहिरिएको थियो । यस सम्बन्धमा वर्तमान प्रधानमन्त्रीले एमसिसीबारे प्रचण्डले नमानेको र चीनसँगको सीमा विवादबारे थप अध्ययनपछि काम गर्ने जानकारी दिनुभएको थियो । यसबाट नै के स्पष्ट हुन्छ भने वर्तमान सरकार अत्यन्त विवादित बन्न सक्ने छिमेकीहरूसँगको प्रसङ्गमा संयमता अपनाउन चाहन्छ र कोरोना खोप, अर्थतन्त्रलाई सामान्य लयमा फर्काउने र आगामी निर्वाचन सम्पन्न गर्ने निर्दिष्ट लक्ष्यलाई अगाडि राखेर काम गर्न चाहन्छ । कोरोनामा अहिलेसम्ममा १,२६,६५,२३० खोपको मात्रा प्राप्त भएकामा ८७,७०,६६४ प्रयोग भइसकेको र १४ वर्षमाथिकाहरूलाई दिने करीब ४० लाख खोपको मात्रा खरीद सम्झौता अगाडि बढेको तथा चीनबाट आउने खोपसमेत नियमितरूपमा आइरहेकाले सरकारको काम यस बुँदामा सन्तोषजनक नै भएको मान्नुपर्दछ र यो क्रम जारी रहेमा तेस्रो लहरको प्रकोप डरलाग्दो नहुने आस गर्न सकिन्छ । दोस्रो मुद्दा हो, अर्थतन्त्रलाई पुरानै लयमा फर्काउने र तेस्रो, चुनाव गराउने । यी दुवै यस्ता मुद्दा हुन्, जसको लागि काम गर्न स्थायी सरकार चाहिन्छ ।

अध्यादेश ल्याउँदाको स्थिति के थियो भने महन्थ ठाकुरले समर्थन गरे पनि परमादेशको सरकार भन्ने रट लागिरहेको थियो । एमालेको तर्फबाट ७६ (५) अनुसार भोट हाल्नेको सङ्ख्या क्रमश: घट्दै थियो र यस्तो अवस्थामा अस्थिरतामा चटक देखाउन माहिर नेपाली राजनीतिकका खेलाडीमध्येकै एक मानौं उपेन्द्र यादव समूह जुन महन्थ ठाकुरभन्दा बलियो स्थितिमा छ, त्यसलाई प्रधानमन्त्रीको अवसर दिंदा नेपाल पक्ष झन् कमजोर हुने र फेरि ओलीकै पक्षमा बहुमत जुट्ने अवस्था आउन सक्ने थियो । यस्तो अवस्थामा संसद्मा संशोधित बजेट पेश गरी त्यो पास हुन नसक्ने अवस्थामा सरकारको अगाडि कति ठूलो नैतिक सङ्कट आउने थियो, त्यसको अनुमान मात्र गर्न सकिन्छ । १/२ दिनदेखि नेपाली छापाहरू महालेखाको प्रतिवेदनले औंल्याएका आर्थिक बेथितिका समाचारले भरिएका छन् । सबैतिर आर्थिक बेथिति र प्रदेश मात्रै होइन स्थानीय सरकारको ढुकुटीमा समेत मनपरी मात्रै होइन लुट नै मच्चिइरहेको छ । यो अवस्था उजागर नहोस् भन्नका लागि यस सरकारलाई हटाउन नैतिक दबाब दिन ठूलै गोटी चालिएको थियो । तर प्रम र गठबन्धनले समयमैं यो खेल बुझेकाले यो कदम अप्रिय लाग्ने भएपनि हठात् चाल्नुपरेको देखिन्छ ।

हुनत अध्यादेशको विरोधमा सर्वोच्चमा रिटसमेत परिसकेको छ । तसर्थ अन्तिम निर्णय त सर्वोच्चकै फैसलाबाट आउँला तर वर्तमान परिस्थितिमा दुवै दल दर्ता भएमा संसद्को गणित यस प्रकारको हुने देखिन्छ कि स्पष्ट मताधिकार भएको संसद्को सङ्ख्या १३० हुन आउँछ । यो अवस्था एमालेका १४ जनालाई कारबाई भएको अवस्थामा हो ।

कुल सांसद सङ्ख्या २७५, माओवादीका चारजना कारबाईमा परेकाले तत्काल कायम सङ्ख्या २७१ हुन आउँछ । यस हिसाबबाट बहुमतको लागि १३६ सङ्ख्या चाहिने हुन्छ । एमालेका १४ जनालाई कारबाई भएमा सदस्य सङ्ख्या २५७ कायम हुन्छ र बहुमतको लागि १२९ भए पुग्ने देखिन्छ । हाल काङ्ग्रेसको ६३, माओवादीको ४८, उपेन्द्र यादव समूहको २० र जनमोर्चाको १ गरी १३४ हुन्छ, जसमा काङ्ग्रेस र जसपाका गरी चारजना सांसदलाई मताधिकार छैन । यसरी के देखिन्छ भने देशलाई महामारीको प्रकोपबाट जोगाउन चाहिने बलियो सरकारको लागि यो कसरत भएको हो । किनभने नेपाल अहिले नै महामारीका साथै चुनाव पनि बेहोर्न सक्ने अवस्थामा छैन । सैद्धान्तिकरूपमा यो गलत लाग्न सक्छ तर परिस्थितिजन्य अवस्थालाई विचार गर्दा यो ठीक हो ।

उसो भए ओली किन गलत भन्ने प्रश्न उठ्छ । ओली यस कारणले गलत थिए कि उहाँसँग स्पष्ट बहुमत थियो । सरकारको स्थायित्वको लागि कसैसँग हारगुहार गर्नुपर्ने स्थिति थिएन । तर अहङ्कारले गर्दा ओलीले आफ्नो खुट्टामा आफैं बन्चरो हान्नुभएको हो । परिस्थितिजन्य तत्त्वलाई यसरी सजिलै बुझ्न सकिन्छ । युद्धको मैदानमा बढीभन्दा बढी दुश्मनको सैनिक मार्नेलाई वीरताको सर्वोच्च पदक दिइन्छ तर सामान्य अवस्थामा कसैलाई पनि मार्दा जेलसजाय हुन्छ । अहिले देशका आर्थिक र प्रशासनिक क्षेत्रले कोरोना र चुनाव दुवैलाई एकैसाथ लिएर हिंड्न सक्ने अवस्था नरहेकाले देउवा सरकारले आलोच्य यस कदमलाई अङ्गीकार गरेको हुन सक्छ ।

हिजो मङ्गलवार बिहानको समाचार अनुसार सरकार नयाँ पार्टी दर्तापछि अध्यादेश निष्क्रिय बनाउने मनस्थितिमा पुगेको छ । वास्तवमा यस्तो भयो भने यसबाट सरकारको नियत प्रस्ट हुन्छ र त्यो के भने नयाँ सरकारले देशलाई असमयमा चुनावमा धकेल्नबाट रोक्नको लागि मात्र यो कदम चालेको हो । एमालेको तेस्रो धारका नेताहरूलाई ओलीले भन्ने एउटा र गर्ने अर्को स्वभावअनुरूप कार्यदलले तयार पारेको १० बुँदे सहमति अनुसार हिंड्न तयार रहेको भनेर संस्थापनमैं बस्ने वातावरण जुराइदिनुभएको छ । अब हेर्नुछ पानीजहाज, घरघरमा ग्यास पाइपलाइन जस्तै १० बुँदे कार्यान्वयन हुन्छ कि हुँदैन ? नेपाल समूहबाट मुख्यमन्त्री बन्न ओली समूहतिर सरेकी एमाले नेत्री अष्टलक्ष्मी शाक्यले माधव नेपाल मूल पार्टीमा नफर्के आफूहरू पनि संस्थापनमा नबस्ने भन्नु र उता दलबलसहित चन्द्रागिरी पुगेका माधव नेपालले एकताको ढोका सधैं खुला रहेको भन्नु संयोग मात्र हुन सक्दैन । अर्थात् गोटी दुवैतर्फबाट चालिंदै छ । सह कसको र मात कसको हुन्छ हेर्न केही दिन पर्खिनुपर्ला ।

यो लेख लेखिरहँदा मलाई अमेरिकी पूर्वराष्ट्रपति बाराक ओबामाको विजयको एउटा सूत्रको सम्झना भयो जस अनुसार Victory= Stable Strategy+Varcable Tactics अर्थात् लक्ष्य अनुसार जीत हासिल गर्नुछ भने परिस्थिति अनुसार गोटी चाल्नुपर्छ । ओली यही चुक्नुभयो । उहाँले परिस्थितिअनुकूल गोटी चाल्नुभएन र असफल हुनुभयो त्यो पनि दुई तिहाइको बहुमत भएर देउवाले परिस्थिति बुझेर गोटी चाल्नुभएको छ । त्यसले हामी नेपालीले भावावेशमा आएर देउवालाई आलोचना गर्नुभन्दा यो उनको बाध्यता भएको बुझिदिनु बढी उपयुक्त होला जस्तो लाग्छ ।

# शुल्क विवादले इन्जिनीयरिङ सङ्कायको परीक्षा अन्योलमा

–सञ्चिता घिमिरे
काठमाडौं, ८ भदौ/रासस

इञ्जिनीयरिङ कलेजहरूले अनलाइन कक्षा सञ्चालन भएको बेला पनि खेलकूदलगायत अतिरिक्त क्रियाकलापको शुल्क माग गरेपछि उत्पन्न विवादका कारण परीक्षा अन्योलमा परेको छ ।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिएका १० निजी कलेजका विद्यार्थीले अनलाइन कक्षा पढिरहँदा प्रशासनले खेलकूद, भ्रमण, प्रयोगशाला, पुस्तकालयलगायत शीर्षकमा शुल्क लिइरहेका छन् । परीक्षाभन्दा पहिले सबै शुल्क तिर्नुपर्ने भए पनि विद्यार्थीले सहभागी नभएको क्रियाकलापमा शुल्क लिन नहुने भन्दै त्यसको विरोध गरेका छन् । कलेजमा धर्ना गरिरहेका विद्यार्थीले यी माग सम्बोधन नहुँदासम्म परीक्षा सञ्चालन गर्न नहुने बताउँदै आएका छन् । स्नातक तहको सबै वर्षको परीक्षा अर्को महीनाको पहिलो साता गर्ने तयारी रहेको छ ।

चालू आवमा पनि गत वर्ष भौतिक कक्षा हुँदा जसरी नै शुल्क लिन खोजिएको अखिल नेपाल स्वतन्त्र विद्यार्थी सङ्गठन (अनेरास्ववियु) का सचिवालय सदस्य इन्द्र पौडेलले बताए । उनका अनुसार कलेजमा कोभिडका कारण अतिरिक्त क्रियाकलाप नभए पनि त्यसको शुल्क लिइरहेका छन् । कलेजले औसतमा एक सेमेस्टरको एक लाखसम्म लिने गरेको उनले बताए । उनले भने–"कुनै एउटा शीर्षकको शुल्कमा छुटभन्दा पनि समग्रमा नै विद्यार्थीलाई




राहत हुनेगरी छुट हुनुपर्छ ।"

कोभिडका कारण अभिभावकको आम्दानी कम भएकोले पनि विद्यार्थीसँग बढी शुल्क लिन नहुने पौडेलले बताए । विद्यार्थीसँग बढी शुल्क लिए पनि पढाइ अनलाइन भएकोले कुनै पनि प्रयोगात्मक कक्षा भएको छैन । इन्जिनीयरिङ विषय भए पनि प्रयोगात्मक नहुँदा विद्यार्थीले केही सिक्न नसक्ने पौडेलले बताए । उनले भने–"अहिले इन्जिनीयरिङका विद्यार्थी अरू सङ्कायमा पढेजस्तो भएको छ ।"

शुल्क विवाद चाँडो समाधान नभए स्नातक तहका सबै वर्षको परीक्षामा असर गर्ने नेपाल विद्यार्थी सङ्घका नेता भुवन भट्टले बताए । कुनै पनि प्रयोगात्मक नहुँदा एकातिर विद्यार्थीले सिक्न सकेका छैनन् भने कलेजले प्रयोगात्मक क्रियालापहरूको शुल्क लिइरहेका छन् । कलेजले आधा शुल्क घटाउनुपर्ने उनले बताए । उनले भने–"अनलाइन कक्षा हुँदा कलेजको पनि लगानी कम भएकोले विद्यार्थीसँग पनि कम शुल्क लिनुपर्छ ।"

शुल्क छुट गर्नुपर्ने माग गर्दै विद्यार्थीले कुनै कलेजमा धर्ना गरिरहेका छन् भने कतै तालाबन्दी गरेका छन् । कुनै कलेजमा सबै विद्यार्थी सङ्गठनले संयुक्तरूपमा त, कतै फरक–फरक सङ्गठनले फरक कार्यक्रम गरिरहेका छन् । विद्यार्थी आआफ्नो कलेज र संस्थानको कार्यालयमा आन्दोलन गरिरहेका छन् ।

विद्यार्थी केही साता पहिलेदेखि आन्दोलन गरिरहँदा पटकपटक इन्जिनीयरिङ अध्ययन संस्थानलाई समन्वयका लागि अनुरोध गरिरहेका छन् । विद्यार्थीले संस्थानले समन्वयमा चासो नदिएको आरोप लगाएका छन् भने संस्थानले कलेजसँग वार्ता भइरहेकोले समाधान निस्कने अपेक्षा गरेको जनाएको छ । संस्थानले फारम भर्ने मिति आजसम्मका लागि तोकेको छ । विद्यार्थीले ११ गतेसम्म अतिरिक्त शुल्क तिरेर फारम भर्न पाउने छन् ।

संस्थानले निजी कलेजलाई शुल्क घटाउन भनेको र कलेज पनि त्यसमा सहमत भएको संस्थानका डीन शशीधरराम जोशीले बताए । कलेजले चाँडो विवाद समाधान गरेर समयमा नै परीक्षा हुने वातावरण बनाउनुपर्ने उनले बताए । उनले भने–"केही विद्यार्थीको आन्दोलनका कारण १९ हजारलाई असर पुग्न दिनुहुँदैन ।"

त्रिभुवन विश्वविद्यालयका पाँच आङ्गिक कलेजमा शुल्क समस्या नभए पनि निजी कलेज खुलेदेखि नै शुल्कमा समस्या देखिन थालेको हो । विसं २०५० मा विश्वविद्यालयले निजी कलेजलाई सम्बन्धन दिन थालेको हो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले केही वर्ष पहिले ती कलेजहरूले अधिकतम कतिसम्म शुल्क लिन पाउँछन् भनी मापदण्ड बनाएको थियो ।

सरकारले निर्धारण गरेको मापदण्डभन्दा बढी शुल्क लिंदाबाहेक संस्थानले हस्तक्षेप गर्न नमिल्ने डीन जोशीले बताए । उनले भने–"शिक्षा मन्त्रालयले तोकेको आधारमा शुल्क लिंदा हामीले केही गर्न मिल्दैन ।"

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# अभिभावक, युवा र सीप

स्वतन्त्र विचार



**राजेन्द्रप्रसाद कोइराला**
(A PhD Scholar)

> **निश्चय नै असल धारणा राखेर शुरूआत गरेको काम छिट्टै सफल हुन्छ। अनावश्यक हठ र तर्कले समयको बर्बादीबाहेक केही हुँदैन। भनिन्छ सकारात्मक छलफल गर्नु विद्वताको परिचायक हो भने अनावश्यक तर्क गर्नु मूर्खहरूको कर्म हो।**

"इतिहासले भन्छ हिजो सुख थियो, विज्ञानले भन्छ भोलि सुख हुनेछ, धर्मले भन्छ "मन सङ्लो र हृदय राम्रो छ भने प्रत्येक दिन सुखानुभूत हुन्छ।" – गीता

जीवन सहज बनाउन केटाकेटीलाई सानैदेखि दीक्षित गर्नु जरूरी छ। जीवनलाई प्रतिस्पर्धी हैन, प्रेरणाप्रद बनाउन सिकाउनुपर्छ। विश्व भूमण्डलीकरणको प्रभावले हामीले आफ्नो परम्परा, धर्म, संस्कार र संस्कृति बिर्संदै गइरहेका छौं। आधुनिकताको नाममा पश्चिमाकरण श्रेष्ठ ठान्न थालेका छौं। महँगो मोबाइल बोक्नुलाई हैसियत ठूलो ठान्ने भ्रमबाट आजका केटाकेटी ग्रसित छन्। २५–३० वर्षका युवा पनि बाउआमाकै कमाइमा रजाइ गरिरहेको पाइन्छ। उनीहरूले गल्ती गर्दा केही भन्यो भने उनीहरूलाई आघात पर्छ रे ! कुनै पनि बाउआमा आफ्नो सन्तानको भविष्य बिग्रोस् भन्ने चाहँदैन। अभिभावकको पनि दोष छ। सन्तानको प्रत्येक माग पूरा गर्नु उचित ठान्दछौं। यहीं हामी चुकिरहेका छौं। यसले उनीहरूको मोह भौतिकतातिर ज्यादा र भावनात्मक सम्बन्ध टाढिंदै जान्छ। केटाकेटीहरू बाउआमालाई माग आपूर्ति गर्ने साधन ठान्न थाल्छन्। अनुशासनहीनताले गर्दा उनीहरूमा माया, ममता, करुणा, श्रद्धाको विकास हुन सकिरहेको छैन। स्वतन्त्रताको नाममा अधिकांश युवामा छाडातन्त्र र स्वच्छन्द प्रवृत्तिको विकास भइरहेको छ। २०६३ सालपछिको पीढीको त कुरै के गर्नु !

काठमाडौं युनिभर्सिटीको एमफिल प्रवेश परीक्षामा उत्तीर्ण ३५ जना छात्रछात्राको अन्तर्वार्तामा डाक्टर अच्युत वाग्लेले आफूले पढेको कुनै एउटा पुस्तकको व्याख्या गर भन्दा ३२ जना निरुत्तर थिए। एमबिएका केही विद्यार्थीलाई मैले प्रश्न गरें–"अहिले देशमा कतिजना मुख्यमन्त्री छन् ?" ४५ जनामध्ये ४० जनाले जिज्ञासा प्रकट गरे–"सर मुख्यमन्त्री भनेको के हो ?

सामाजिक सञ्जालको व्यापकताले संसार एउटा सानो गाउँजस्तो भएको छ। यसले दुनियाँलाई साँघुरो बनाइदिएको छ। यसले भित्र्याएको विकृति र विसङ्गतिले सामाजिक संरचना नै ध्वस्त बनाएको छ। facebook / instragram को कुलतले बालबालिका झर्किने, आक्रामक हुने मनोवैज्ञानिक समस्या विकसित हुँदै गएको छ। यसको निदान अभिभावक नै हुन्। हामीले उनीहरूलाई समय दिने, नातेदार, छिमेकीसँग परिचय गराउने, घरेलु क्रियाकलापमा संलग्न गराउने, सामाजिक कार्यमा उपस्थित गराउने र आफ्नो धर्मशास्त्रबारे जानकारी दिने गरियो भने उनीहरूमा भावनाको विकास हुन्छ। अहिलेका केटाकेटीमा भावना नै मरेर गएजस्तो छ। उनीहरूको भौतिक माग पुऱ्याउन सकियो भने सबभन्दा राम्रो अभिभावक, नत्र दुश्मन भन्ने मनोग्रन्थिले हामी नै ग्रस्त छौं। अब सीपका केही कुरा गरौं– सबै ज्ञानी मानिस सिपालु हुँदैनन्। जीवन बाँच्ने कला र सीपको अभावमा मानिस धेरै तनावमा छ। ज्ञानसहितको सीप र दक्षताले मानिसलाई प्रखर र महान् बनाउँछ। तर मानिस ज्ञान सर्वोपरि, सीप आवश्यक छैन भन्ने ठान्दछ। जबकि जीवनोपयोगी सीपले जीवनका जटिलता र गाँठा सजिलै फुकाइदिन्छ।

मानिसले सबैसँग मित्रवत् व्यवहार गर्ने, अन्तर्व्यक्ति सञ्चार स्पष्ट गर्न सक्ने, सबैसँग घुलमिल हुन सक्ने, विचार, धारणा र चासो उपयुक्त किसिमले, उपयुक्त मानिस वा समूहबीच प्रस्तुत गर्न सक्ने कला र सीपको विकास हुनु जरूरी छ। ज्ञान, बल र बुद्धि परिपूर्ण छ तर प्रयोग र प्रस्तुति समुचित भएन भने खासै अर्थ र औचित्य रहँदैन। अरूका विचार ध्यान दिएर सुन्ने, सबैसँग सुसम्बन्ध विस्तार गर्ने, मुहार सधैं हँसिलो राख्ने, अरूका राम्रा कुराको प्रंशसा गर्ने, सुधार गर्ने कुरामा सकारात्मक पृष्ठपोषण गर्न सक्ने सीप एउटा असल मानिसका लागि अपरिहार्य हुन्छ। अरूको कुरा नसुनी आफूमा ज्ञानको ज्योति बल्दैन।

त्यसैले अरूले बोलेको सुन्नु मात्र भन्दा ती शब्दमा आफूलाई केन्द्रित गर्नुपर्दछ। शब्द मात्र सुनेर पुग्दैन, विषय–वस्तु बुझ्नुपर्दछ। विषय–वस्तु बुझेर मात्र पुग्दैन, भावार्थ बुझ्नु जरूरी हुन्छ। सुन्ने सीपको विकासले मानिसमा ज्ञानको भोक जगाइदिन्छ। त्यस्तै आफ्नो प्रस्तुतिलाई ओजिलो र प्रभावकारी बनाउने कला, सबैका सामु पेश हुने कला, विभिन्न भाषामा अभिव्यक्त गर्ने कला, लेखन शैली, सम्झौता गर्ने सीप, सहजीकरण गर्ने सीप, नेतृत्व सीप, व्यवस्थापन सीप, ज्ञानलाई व्यवहारमा परिणत गर्ने सीप सिर्जनशील मानिसका लागि अपरिहार्य र निर्विकल्प तत्त्व हुन्।

जीवनको सबभन्दा ठूलो शक्ति प्रेम हो भने सबभन्दा ठूलो सम्पत्ति विश्वास हो। अरूलाई दिनु वा त्याग गर्नुमा जुन आनन्द छ, त्यो अन्यत्र प्राप्य छैन। तर मानिसले प्रेम कसरी गर्ने, सबैसित विश्वासको वातावरण कसरी बनाउने, त्याग र समर्पण कसरी गर्नेजस्ता सीप प्रयोगमा ल्याउन सकेको छैन। प्रेमबारे कथा पढेको छ तर सबैलाई प्रेमको रसास्वादन गराउन सक्दैन। दान, परोपकारिता, करुणा, कृतज्ञताजस्ता कुरामा लामो बहस र छलफल गर्न सक्छ तर त्यसलाई वास्तविक र व्यावहारिक जीवनमा लागू गर्ने सीप छैन भने त्यो सैद्धान्तिक ज्ञानको कुनै उपादेयता रहँदैन।

उपयुक्त र प्रभावकारी प्रस्तुति, अन्तर्व्यक्ति सञ्चार सीप, निर्णय गर्ने सीप, परिकल्पनालाई नतीजामा परिणत गर्ने उत्कट चाहना, तनाव व्यवस्थापन गर्ने सीपजस्ता जीवनोपयोगी सीपको आर्जनविना जीवन सहज हुँदैन।

कुनै विश्वविद्यालयका जीवशास्त्रका प्राध्यापकले आफ्ना विद्यार्थीहरूलाई सैद्धान्तिक शिक्षा प्रदान गरिसकेपछि त्यसको व्यावहारिक अध्ययन गर्न विभिन्न कर्म क्षेत्रमा पठाए। विद्यार्थीलाई विभिन्न प्राणीको जीवन–चक्र, शारीरिक बनोट, पाचन–क्रिया, खानपान, आहार–विहार सबैमा अध्ययन गर्न भनियो। एकजना विद्यार्थी भ्यागुतामा अनुसन्धान गर्न थाले। उनी खेतमा पुगे र पहेंलो रङको ठूलो भ्यागुता समातेर ल्याए।

उनले भ्यागुताको एउटा खुट्टा काटे र भ्यागुतोलाई उफ्रन भने, भ्यागुतो सजिलै उफ्रयो। उनी एउटा खुट्टा काट्दा पनि भ्यागुतो सजिलै उफ्रन सक्छ भन्ने निष्कर्षमा पुगे। त्यसपछि भ्यागुतोको अर्को खुट्टा पनि काटे। दुवै खुट्टा काटिएको भ्यागुतो अब बिस्तारै उफ्रियो। दुवै खुट्टा काट्दा पनि भ्यागुतो सजिलै उफ्रन सक्छ भन्ने उनको खोजले देखायो।

अध्ययनकै क्रममा भ्यागुतोको खुट्टा काट्दै गए। चारै खुट्टा काटिएको भ्यागुतालाई उफ्रन भने, भ्यागुतो उफ्रन सकेन। अनुसन्धानको उपलब्धिमा लेखे–"चारवटै खुट्टा काटिएपछि भ्यागुतो कान सुन्दो रहेनछ।" विद्यार्थीले आफ्नो प्रतिवेदन प्राध्यापकलाई बुझाए।

सिकाइ सैद्धान्तिक कुरा पढेर मात्र हुँदैन। त्यसको व्यावहारिक प्रयोग जान्न जरूरी छ। पढेको कुराको औचित्य त्यति बेला मात्रै पुष्टि हुन्छ, जब त्यसको सही प्रयोग गर्न सकिन्छ। अनुसन्धानकै आधारमा सिद्धान्त प्रतिपादन हुने हुँदा अनुसन्धान गर्ने मान्छेले सही र उचित निष्कर्ष ल्याउन नसक्दा पूरै सिद्धान्तमाथि असर पर्छ। त्यसैले अध्ययन, अनुसन्धान र मूल्याङ्कन गर्न सही विधि र योग्य मानिसको चयन उचित हुन्छ।

जानेको छ भन्दैमा सबै कुरा सबै ठाउँमा लागू गर्नुहुँदैन। सबै कुरा सबै ठाउँका लागि उपयुक्त हुँदैन। प्रत्येक कुराको आफ्नो सीमा हुन्छ। त्यसको सही र उपयुक्त प्रयोग गर्न जान्नुपर्दछ। औसतको सूत्र प्रयोग भएको व्यवस्थापनले कहिल्यै समानता ल्याउन सक्दैन। त्यसैले समानता प्रत्येक घर र व्यक्तिलाई प्रत्यक्ष समावेशी हुनेगरी सूत्रबद्ध हुनु जरूरी छ। सिद्धान्तलाई व्यवहारमा प्रयोग गर्ने सीपले नै जीवन सफल बनाउन सकिन्छ।।

व्यक्तिको दृष्टिकोण, सोचाइ, चरित्र तथा प्रवृत्ति वा मनोवृत्तिलाई धारणा भन्ने बुझिन्छ। प्रवृत्ति व्यक्तिले बोक्छ भने व्यवहारले प्रवृत्तिलाई प्रतिविम्बित गर्छ। प्रवृत्तिले व्यक्तिको सैद्धान्तिक पक्षको प्रतिनिधित्व गरेको हुन्छ भने व्यवहारले कार्यान्वयन पक्षको। त्यसैले यी एकअर्काका परिपूरक हुन्।

सुखमय अनुभव, राम्रो व्यवहार र असल प्रभावबाट मानिसको जीवनमा सिर्जित प्रवृत्ति सकारात्मक हुन्छ। सकारात्मक प्रवृत्तिले मानिसको शैक्षिक, बौद्धिक, मानसिक, शारीरिक, नैतिक एवं व्यावहारिक आदि विभिन्न पक्षको विकासमा टेवा पुऱ्याउँछ। सकारात्मक प्रवृत्तिले ज्ञान, सीप बढाउन र उत्प्रेरणा जगाउन तथा त्यसको विकासमा ठूलो मदत गर्छ।

सकारात्मक प्रवृत्ति तथा व्यवहारलाई जीवनको संस्कार बनाउने मानिसहरू सहयोगी, परोपकारी, परिश्रमी, साहसी, मृदुभाषी, मिलनसार, धैर्यवान्, निस्स्वार्थी, कर्तव्यनिष्ठ, आत्मविश्वासी, इमानदार, आत्मीय, सन्तुष्ट र अरूको प्रशंसा गरेर रमाउने खालका हुन्छन्। सकारात्मक धारणा भएका मानिस जहिले पनि हवाइ जहाज बनाउने सपना देख्छन्, नकारात्मक सोच भएका मानिस प्यारासुट बनाउने सपना देख्छन्। आशावादी मानिसहरू हरेक समस्यामा अवसर देख्छन्। निराशावादीहरू हरेक अवसरलाई समस्या देख्छन्। कवि शिरोमणी लेखनाथ पौडेलले सकारात्मक तथा नकारात्मक दुवै धारणाबारे लेखेका छन् –

थोत्रो पाटी उज्यालो, मलीन, तृणकुटी, कन्दरा झन् उज्यालो।<br>
भिक्षाभारी उज्यालो, अझ घन वनको सागसिस्नु उज्यालो।<br>
फ्याङ्लो गुन्द्री उज्यालो, वरपर घुम्दा जीर्ण कन्था उज्यालो।

त्यस्तै दुःखद वा नमीठो अनुभव, नराम्रो व्यवहार, घृणा आदिको प्रभावबाट मानिसको जीवनमा सिर्जना भएको प्रवृत्ति नै नकारात्मक प्रवृत्ति हो। नकारात्मक प्रवृत्ति तथा व्यवहारका मानिस पूर्वाग्रही, घमण्डी, कुविचारी, भ्रष्टाचारी, असहयोगी, स्वार्थी, रिसाउने, झगडालु, ईर्ष्यालु, आत्मग्लानिमा बाँच्ने, अवरोध मन पराउने, भेदभाव गर्ने, अपहेलना रुचाउने, बाधा–विरोध गरिरहने, विभेदकारी, विनाशको बाटो रोज्ने, रिस र डाहले सम्पन्न हुन्छन्।

मानिसमा सबै कुरा नकारात्मक मात्र हुन्छ भन्ने छैन। नकारात्मकताभित्र पनि सकारात्मकता हुन सक्छ। त्यसैले हाम्रो जीवनमा केको अभाव छ त्यो नहेरौं, के छ, त्यो हेरौं। किनकि जहाँ हामी आफ्नो ध्यान लगाउँछौं, जीवनमा त्यही कुरा बढ्दै जान्छ। तर सबै मानिस हामीले सोचेजस्ता हुँदैनन्।

असल धारणा र नियत नभएको मानिस जति नै ठूलो भए पनि काम लाग्दैन। कुनै पनि काम गर्न, सामाजिक परिवर्तन गर्न र व्यक्तित्व विकास गर्न सकारात्मक धारणा अत्यावश्यक छ। जुन व्यक्तिको धारणा नै गलत र पूवाग्रही छ त्यस्तो मानिसबाट निर्माणभन्दा ध्वंस हुन्छ। एकजना विद्वान्ले भनेका पनि छन्–कुनै नयाँ कुराप्रति असल धारणा बनाउनु ५० प्रतिशत कार्य सम्पन्न गर्नु हो। निश्चय नै असल धारणा राखेर शुरूआत गरेको काम छिट्टै सफल हुन्छ। अनावश्यक हठ र तर्कले समयको बर्बादीबाहेक केही हुँदैन। भनिन्छ सकारात्मक छलफल गर्नु विद्वताको परिचायक हो भने अनावश्यक तर्क गर्नु मूर्खहरूको कर्म हो।

"पिता पुर्खाको धनमा के घमण्ड गर्नु ? गज्जब र चमत्कार त तेतिखेर हुन्छ जब यश र सम्पत्ति तिमीले कमाउँछौ अनि गर्व र घमण्ड तिम्रो पिताले गर्न पाउनुहोस्।" चाणक्य

(लगभग ८ वर्षपछि फेरि प्रतीक दैनिकसँग जोडिन पुगेको छु। महीनामा दुईवटा भए पनि लेख पेश गर्ने प्रतिबद्धता गर्दछु। टिप्पणीको आशामा)

Koiralarp46@gmail.com

# अधिकांश जलविद्युत् कम्पनीको शेयर मूल्यमा गिरावट

काठमाडौं, ८ भदौ/रासस

तीन दिनको सार्वजनिक बिदापछि खुलेको धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचकमा मङ्गलवार उच्च अङ्कको गिरावट आएको छ।

विशेषगरी विकास बैंक र जलविद्युत् उपसमूहको शेयर मूल्यमा उच्च अङ्कको गिरावट देखिएको हो। पछिल्ला दिनमा जलविद्युत् उपसमूहको शेयरमा अस्वाभाविक चलखेल भएको भन्दै गुनासो बढेको थियो। विद्युत् नियमन आयोगले समेत सो सम्बन्धमा चासो व्यक्त गरेको थियो। नेपाल स्टक एक्सचेन्जका अनुसार मङ्गलवार नेप्से ५६.०३ बिन्दुले घटेर तीन हजार १२४.८७ मा ओर्लेको छ। यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापक सेन्सेटिभ परिसूचक १२.८१ बिन्दुले घटेर ५७७.६६ मा ओर्लेको छ।

कुल २२५ कम्पनीको दुई करोड ५३ लाख १६ हजार ८०५ कित्ता शेयर रु १६ अर्ब १२ करोड ४४ लाख ६८ हजार ६० मा कारोबार भयो। मङ्गलवारको कारोबारपछि बजार पूँजीकरण रु ४३ खर्ब ६६ अर्ब छ करोड १९ लाख १० हजारबराबरमा सीमित भएको छ। कारोबार भएका कुल १३ उपसमूहमध्ये दुई उपसमूहको शेयर मूल्य उकालो लागेको छ भने ११ उपसमूहको शेयर ओरालो लागेको छ। वित्त ४५.७९ र निर्जीवन बीमा ११२.८ बिन्दुले बढेका छन्।

यस्तै, बैंकिङ १९.८२, व्यापार ६२.५३, होटल तथा पर्यटन १७.०२, विकास बैंक २४३.८९, जलविद्युत् १३२.७७, उत्पादन १५७.४, अन्य ३०.०२, लघुवित्त ३१.४५, जीवन बीमा १४३, सामूहिक लगानी कोष ०.०१ र लगानी ५.२५ बिन्दुले घटेको छ। कारोबारका आधारमा अरुण भ्याली हाइड्रोपावर शीर्ष स्थानमा रहेको छ। सो कम्पनीको रु ७५ करोड ४३ लाख ३३ हजार ७२३ बराबरको कारोवार भयो। अरुण काबेली पावर रु ७१ करोड ९१ लाख ६१ हजार ७९२, नेशनल हाइड्रोपावर रु ५८

(बाँकी पाँचौं पातामा)

# वातावरणीय व्यवस्थापनबारे गोष्ठी

प्रस, वीरगंज, ८ भदौ/

वीरगंज महानगरपालिका र त्रिभुवन



तस्वीरः सौजन्य

विश्वविद्यालयको वातावरण विज्ञान केन्द्रीय विभागको संयुक्त आयोजनामा मङ्गलवारदेखि दुई दिने वातावरणीय व्यवस्थापन कार्ययोजना तथा परामर्श कार्यशाला गोष्ठी शुरू भएको छ।

वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीले गोष्ठीको उद्घाटन गर्दै वातावरण व्यवस्थापनको लागि कार्यशाला गोष्ठी उपलब्धिमूलक हुने दाबी गरे। उद्घाटन समारोहमा उनले सही कार्ययोजना भए मात्र वातावरण व्यवस्थापनमा सहजता हुने बताए। यसका लागि दीर्घकालीन रणनीति आवश्यक रहेको उनले सुझाए। त्रिविविले महानगरसँग गरेको सहकार्यले महानगरपालिकामा वातावरणीय व्यवस्थापनमा सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे।

नगरप्रमुख सरावगीले त्रिविविमा विज्ञसहितको दक्ष जनशक्ति हुने भएकोले उनीहरूको परामर्श र कार्ययोजनामा निर्माण हुने रणनीतिले महानगरमा वातावरणीय व्यवस्थापनमा ठूलो परिवर्तन ल्याउन सकिने बताए।

उद्घाटनसत्रमा उपप्रमुख शान्ति कार्की, त्रिविवि वातावरण तथा विज्ञान केन्द्रीय विभागका पदाधिकारी र सरोकारवालाको सहभागी थियो।

# बहुदरमाई नपाले सूचना लुकायो, भ्रष्टाचारको आशङ्का

प्रस, परवानीपुर, ८ भदौ/

पर्साका तीनवटा नगरपालिकामध्ये बहुदरमाई नगरपालिकाले सूचना लुकाएको आरोप लागेको छ।



सूचना नदिएको गुनासो गर्दै यादव। तस्वीरः प्रतीक

स्थानीयहरूले विभिन्न शीर्षकमा गत आव २०७७/७८ मा कुन कुन योजनामा कति कति बजेटको कसले, कति काम गऱ्यो भन्ने विषयमा माग गरिएको सूचना नगरपालिकाले लुकाएको हो। नगरपालिकामा सूचनाको अधिकार प्रयोग गर्दै लिखित निवेदन दिएको एक महीना बित्दा पनि कार्यालयका सूचना अधिकारी पार्वती पौडेल र प्रमुख प्रशासकीय अधिकृत विदुर उप्रेतीले सूचना लुकाएको बहुदरमाई नपा–२ का सूचना माग गर्ने निवेदक नागेन्द्रप्रसाद यादवले गुनासो गरे।

उनका अनुसार साउनको दोस्रो साताम‌ैं माग गरिएको सूचना हालसम्म उपलब्ध नभएकाले पटक–पटक गरी १२ वटा शीर्षकमा जानकारी प्राप्त गर्न विभिन्न ताकेतापत्र र निवेदन दिंदा पनि नपाले कुनै सुनवाइ नगरेको र सूचना दिन आलटाल गरिरहेको आरोप लगाए।

गाउँलेहरूले सूचना नदिए जिल्ला प्रशासन कार्यालय, पर्सा, अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय हेटौंडा र काठमाडौंस्थित सूचना आयोगको कार्यालयमा निवेदन दिने बताएका छन्।

यस विषयमा नपाका प्रमुख प्रशासकीय अधिकृत उप्रेतीले नगरपरिषद्को धपेडीले गर्दा सूचना माग गर्न आएका सेवाग्राहीलाई सूचना दिन नभ्याएको र एक/दुई दिनमैं सूचना दिने बताए।

# सार्वजनिक सवारीसाधनको भाडा तय

बलिराम शुक्ल, बिरुवागुठी, ८ भदौ/

पर्सागढी नगरपालिकाबाट सञ्चालित सवारीसाधनमा यो नियम लागू हुने र यसको अनुगमनको लागि नन्दलालदास



तस्वीरः प्रतीक

सार्वजनिक सवारीसाधनहरूको भाडा तय गरिएको छ।

पर्सागढी नपा–१ मनवा बजारमा आज बसेको सर्वदलीय बैठकले सार्वजनिक सवारीसाधनहरूको भाडा तय गरेको हो। बैठकले सबैको सहमतिमा छोटो दूरीको तीन किलोमिटरसम्म सञ्चालन हुने सवारीसाधनको हकमा रु १५ भाडा तय गरेको छ।

यसैगरी, पर्सागढीबाट सञ्चालित सार्वजनिक सवारीसाधनहरूले प्रतिकिलोमिटर रु ५ को दरले लामो दूरीको सवारीमा भाडा लिन पाइने सहमतिपछि निर्णय भएको हो।

जनता सडकमा सञ्चालित सवारीसाधनमा यो नियम लागू हुने र यसको अनुगमनको लागि नन्दलालदास थारूको संयोजकत्वमा पाँच सदस्यीय टोली गठन गरिएको छ। सार्वजनिक सवारीसाधनहरूले तोकिएको सिट सङ्ख्याभन्दा बढी यात्री राख्न नपाइने, भाडा लिन नपाइने र नियमविपरीत काम गर्नेविरुद्ध अनुगमन समितिले अनुगमन गरी कारबाई गर्न सक्ने निर्णय गरिएको छ।

सर्वदलीय बैठक वडाध्यक्ष तुलाराम महतोको अध्यक्षतामा बसेको थियो भने अर्का वडाध्यक्ष वेदमानदास थारू, उद्धवबहादुर उप्रेती, समसुद्दीन देवान, रामनारायण गौरो, नगरपालिकाका प्रतिनिधि प्रदीप चौरसियालगायत स्थानीयहरूको सहभागिता थियो।

# समस्त रोगको एउटा औषधि- तुलसी

**जीवेम शरदः शतम्**

### तुलसीको आध्यात्मिक पृष्ठभूमि

तुलसीलाई दैवी गुणबाट परिपूरित मान्दै अध्यात्म ग्रन्थमा धेरै कुरा लेखिएको छ । यसलाई संस्कृतिमा हरिप्रिया भनिन्छ। यस औषधिको उत्पत्तिबाट भगवान् विष्णुको मनः सन्ताप टाढा भयो यसैले यसलाई यो नाम दिइएको छ । यस्तो विश्वास छ कि तुलसीको जरामा सबै तीर्थ, मध्यमा सबै देवीदेवता र माथिल्लो शाखामा सबै वेद स्थित छन् । यस बोटको पूजा विशेषगरी स्त्रीहरू गर्छन्। त्यसो त वर्षभरि तुलसीको मठको पूजन हुन्छ, तर विशेषरूपले कात्तिक मासमा यसको पूजा गरिन्छ । भनिन्छ जसको मृत शरीर दहन तुलसीको काठको अग्निबाट गरिन्छ, उनीहरूले मोक्ष प्राप्त गर्छन्, उनीहरूको पुनर्जन्म हुँदैन ।

पद्म पुराणमा लेखिएको छ–जहाँ तुलसीको एउटा पनि बोट हुन्छ त्यहाँ ब्रह्मा, विष्णु, शङ्कर निवास गर्छन् । अगाडि वर्णन आउँछ कि तुलसीको सेवा गर्नाले महापातक पनि त्यसै प्रकार नष्ट हुन्छ, जसरी सूर्य उदय भएपछि अन्धकार नष्ट हुन्छ। भनिन्छ जुन प्रसादमा तुलसी हुँदैन, त्यसलाई भगवान्‌ले स्विकार्दैनन् ।

वनस्पतिलाई प्रत्यक्ष देव मान्ने, घरघरमा त्यसलाई लगाउने, पूजा गर्नुको पछाडि सम्भवतः यही कारण हो कि यो सर्वदोष निवारक औषधि, सर्वसुलभ तथा सर्वोपयोगी हुन्छ। वातावरणमा पवित्रता, प्रदूषणको शमन, घर परिवारमा आरोग्यता मजबूत गर्ने, श्रद्धा तत्त्वलाई जीवित गर्ने जस्ता अनेकौं लाभ यसको छ । तुलसीको सूक्ष्म र कारण शक्ति अद्वितीय छ। यसले आत्मोन्नतिको पथ प्रशस्त गर्छ तथा गुणको दृष्टिले सञ्जीवनी बुटी हो। तुलसीको आराधना गर्दै ग्रन्थमा लेखिएको छ यसले सम्पूर्ण सौभाग्य बढाउँछ, आधि–व्याधि मेटाउँछ, सबै प्रकारको रोग शमन गर्छ र अकाल मृत्युबाट रक्षा गर्छ ।

वायु पुराणमा तुलसीपत्र तोड्ने केही नियम मर्यादा बताइएको छ–

**अस्नात्वा तुलसीं छित्वा याः पूजा कुरुते नरः ।**
**सोऽपराधी भवेत् सत्यं तत् सर्वनिष्फल भवेत् ॥**

अर्थात् ननुहाई तुलसी चुँडेर जुन मनुष्यले पूजा गर्छ, त्यो अपराधी हो । उसले गरेको पूजा निष्फल हुन्छ, यसमा कुनै संशय छैन ।

गुण–कर्मसम्बन्धी विभिन्न मत– हिन्दू धर्म संस्कृतिको चिर पुरातन ग्रन्थ वेदमा पनि तुलसीको गुण एवं त्यसको उपयोगिताको वर्णन भेटिन्छ–

अथर्ववेद १–२४ मा वर्णन छ–

**सरूपकृत त्वयोषधेसा सरूपमिद कृधि**
**श्यामा सरूप करणी पृथिव्यां अत्यदभुता ।**
**इदम् सुप्रसाधय पुना रूपाणि कल्पया॥**

अर्थात् श्यामा तुलसीले मानवको स्वरूपलाई बनाउँछ, शरीरमा भएको सेतो दाग अथवा अन्य प्रकारको छाला सम्बन्धी रोग नष्ट गर्ने अत्युत्तम महौषधि हो ।

**तुलसी पित्तनाशक, वात–कृमि तथा दुर्गन्धनाशक हुन्छ । जोर्नीको दुखाइ, अरुचि, खोकी, श्वास, बाडुली आदि विकारलाई जित्छ । अगाडि उनी लेख्छन्– यो हृदयको लागि हितकर, उष्ण तथा अग्निदीपक हुन्छ एवं कुष्ट–मूत्र विकार, रक्त विकार, पार्श्वशूललाई नष्ट गर्छ । श्वेत तथा कृष्णा तुलसी दुवैको गुण समान हुन्छ ।**



यसै प्रकार प्राचीन ग्रन्थकारहरूले तुलसीको महिमा सर्वसाधारणको हृदयमा जमाउनको लागि ठूलो प्रशंसा गरेका छन् र त्यसको अनेकौं लाभ बताएका छन्, यसमध्ये शरीरसम्बन्धी गुण अर्थात् तुलसीको रोगनाशक शक्ति त प्रत्यक्ष नै छ र विशेषतः कफ, खोकी, ज्वरोसम्बन्धी औषधिमा तुलसी पनि सम्मिलित गर्ने विधान छ ।

आयुर्वेद शास्त्रको अनेकौं ग्रन्थमा तुलसीको महिमा छ, जसमा केही उदाहरण तल दिइएको छ –

**तुलसी लघुरूष्णाच रूक्षा कफविनाशनी ।**
**क्रिमिदोषं निहन्त्येषा रूचिकृद्वन्हिदीपनी ॥**

– धन्व. निघण्टु

अर्थात्– तुलसी लघु, उष्ण, सूक्ष्म, कफनाशक, क्रिमी–दोषलाई टाढा गर्ने, रुचि बढाउने र जठराग्निलाई दीप्त गर्छ।

**तुलसी कटुतिक्तोष्णा कृमिघ्ना श्लेष्मबातजित्।**
**अग्निमान्ध्हरा रूक्षा रुचिकृद्धंतिशान्तिकृत् ॥**

– राजनिघण्टु

अर्थात्– तुलसीले कटु, तिक्त, उष्ण, कृमिनाशक, कफ र वातलाई जित्ने, मन्दाग्नि टाढा गर्ने, रूक्ष, रुचिकारक र वमनलाई शान्त गर्छ ।

**तुलसी कटुता तिक्ता हृद्योष्णा दाहपित्तकृत् ।**
**दीपनी कुष्ठ हृच्छ्वासपार्श्वरू क्कफबातजित् ॥**

– राजवल्लभ

अर्थात्– तुलसी कटु, तिक्त, हृदयलाई बल दिने, उष्ण, दाह, पित्तकारक दीपन, कृष्ट टाढा गर्ने, श्वास तथा हाडको दुःख मेटाउने एवं कफ बातलाई जित्छ ।

यस अतिरिक्त अनेकौं ग्रन्थमा तुलसी मिश्रित प्रयोगमा कठिन रोग टाढा गर्ने योगले भरिएको छ। चरकको चिकित्सा स्थान अध्याय १८, श्लोक ७२ मा तथा सूत्र स्थानको अध्याय २, श्लोक ४ मा र अध्याय ४, श्लोक ३७ मा यस्तै प्रयोगको वर्णन छ । चक्रदत्तको हिक्का, श्वास प्रकरणाको श्लोक ११ तुलसीद्वारा रुघाखोकी, अतिसार हटाउने प्रयोग भएको छ तथा नसा रोग चिकित्सा प्रकरणको श्लोक ५ मा यस्तै उपचार छ। शारङ्गधर संहिताको पीतो–मरिच चूर्णेन, तुलसी–पत्र वा रस–निहन्ति विषम ज्वरम्' श्लोकमा तुलसीको सेवनबाट विषम ज्वरो (टाइफाइड) निको हुने भनिएको छ । जुडीको फसली ज्वरोमा त तुलसी लोक–प्रसिद्ध औषधि मानिएको छ ।

**गौरव शिरसः शूले पीनसेऽर्धावभेदके।**
**क्रिमि व्याधावपस्मारे घ्राणनाशे प्रमोहके ॥**

च.सू.अ. २–५

टाउको भारी हुनु, पिनास, टाउको दुख्नु, आधाशीशी, मृगी, नासिका रोग, कृमि रोग तुलसीबाट टाढा हुन्छ ।

**जयेद्वातकफ श्वास कासाहिघ्मावमिकमीन् ।**
**दौगन्ध्यपाश्वइ रूक्कृष्ट विष कृच्छ्रस्त्रग्दान॥**

कै.दे.औ.व. ११–२२९

वात, कफ, श्वास, खोकी, बान्ता, कृमि, दुर्गन्ध आउनु, जोर्नीको दुखाइ, कुष्ठ, विष–विकार तथा नेत्र विकारलाई तुलसीले निको गर्छ ।

**हिक्काकास विषश्वास पार्श्व शूल विनाशनः ।**
**पित्तकृत्कफ बातघ्नः सुरसः पूत गन्धहा ॥**

व.सू.अ. २७–११६

बाडुली, खोकी, विष–विकार, श्वास, जोर्नीको दुखाइ, बात, पित्त, कफको विकार तथा दुर्गन्धलाई तुलसीले नष्ट गरिदिन्छ ।

**तुलसी तुरबातिक्ता तीक्ष्णोष्णा कटुपाकिनी ।**
**रूक्षा हृद्या लघुः कटुवोदाहपितागिन विर्द्धिनी ॥**
**जयेद बात कफ श्वासा कारुहिध्मा वमिकृमनीन।**
**दौरगन्ध्य पार्वरूक कुष्ट विषकृच्छन् स्रादृगदः॥**

तुलसी, तीक्ष्ण, कटु, कफ, खोकी, बाडुली, बान्ता, त्रिमी, दुर्गन्ध, पार्श्व, शूल, कोढ, आँखाको बिमारी आदिमा लाभकारी हुन्छ ।

सुश्रुत महर्षिको मत पनि यसभन्दा भिन्न छैन । उनी लेख्छन्–

**कफानिलविषश्वासकास दौर्गन्धनाशनः ।**
**पित्तकृतकफबातध्नः सुरसः समृदाहृतः ॥**

(सु.–४६)

तुलसी कफ, वात, विष विकार, श्वास–खोकी र दुर्गन्धनाशक हो । पित्त उत्पन्न गर्छ तथा कफ र वायुलाई विशेष रूपले नष्ट गर्छ ।

भाव प्रकाशमा उद्धरण छ–

**तुलसी पित्तकृद वात कृमिर्दोर्गन्धिनाशिनी ।**
**पार्श्वशूलारतिस्वास–कास हिक्काविकारजित ॥**

तुलसी पित्तनाशक, वात–कृमि तथा दुर्गन्धनाशक हुन्छ । जोर्नीको दुखाइ, अरुचि, खोकी, श्वास, बाडुली आदि विकारलाई जित्छ। अगाडि उनी लेख्छन्– यो हृदयको लागि हितकर, उष्ण तथा अग्निदीपक हुन्छ; कुष्ट–मूत्र विकार, रक्त विकार, पार्श्वशूल नष्ट गर्छ। श्वेत तथा कृष्णा तुलसी दुवैको गुण समान हुन्छ ।

---

# फोहर व्यवस्थापन नहुँदा वाग्मती प्रदूषित बन्दै

सर्लाही, ८ भदौ/रास

प्रदेश २ कै धार्मिक तथा पर्यटकीयस्थल नूनथर प्रदूषित बन्दै गएको छ। रौतहटको चन्द्रपुर नगरपालिका–१ स्थित उक्त स्थललाई नूनथर क्षेत्र विकास समितिले नै संरक्षण, प्रवर्द्धन र सञ्चालनमा चासो नदिंदा दिनदिनै यहाँ उत्सर्जित फोहरले प्रदूषण बढाएको हो ।

घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटक, तीर्थालु, पिकनिक मनाउनेहरूले फालेका र होटलबाट निस्कने फोहर व्यवस्थापन नहुँदा उक्त स्थानका साथै नजीकै वाग्मती नदी पनि प्रदूषित भएको छ। अहिले नदी किनारमा प्लास्टिकका खोल, पेय पदार्थका खाली बोतल देखिन्छन्।

भगवान् शिव–पार्वतीको आस्थाको धरोहर बनेको नूनथर र नदीमा फोहर बढ्नु दुःखद भएको वडा नं १ का अध्यक्ष वीरबहादुर राखालले बताए । रौतहट, सर्लाही, मकवानपुर र सिन्धुलीको सङ्गमस्थल बनेको यो स्थललाई प्रकृतिले नै सिंगारेकोले स्थानीयवासीका साथै छिमेकी जिल्ला र भारतबाट पनि ठूलो सङ्ख्यामा पर्यटक आउने गर्दछन्। अहिले यहाँ आउने पर्यटक फोहर देखेर खिन्न हुन थालेका छन्। नूनथर पार्कभित्र फोहर सङ्कलनका लागि केही डस्टबिन राखिए पनि त्यसको सदुपयोग भएको छैन ।

फोहर व्यवस्थापन नभए नूनथर क्षेत्रको सुन्दरताका साथै वाग्मती सभ्यतामा पनि असर गर्ने नेपाली काङ्ग्रेस रौतहट क्षेत्र नं ४ का सचिव विनोद गुप्ताले बताए। यहाँको महत्त्व र सौन्दर्य जोगाइराख्न पहल गर्न जोड दिने समितिका अध्यक्ष रामकुमार भट्टराईले बताए। साउन महीनामा बोलबम आउने तीर्थयात्री र आन्तरिक तथा बाह्य पर्यटक वृद्धिले सो समयमा फोहर व्यवस्थापन गर्न नसकिएकोमा अब छिटै गर्ने र यसका लागि योजनाबद्धरूपमा काम अघि बढाइएको उनको भनाइ थियो ।

कुहिने फोहरलाई ठूलो खाडल खनेर जम्मा गर्ने र नकुहिने फोहोरलाई एक ठाउँमा सङ्कलन गरेर व्यवस्थापन गर्ने तयारी भइरहेको समितिका व्यवस्थापक समीर कार्कीले बताए । फोहर टिप्ने कर्मचारी पनि राखिएको र अहिले देखिएका समस्या दीर्घकालीनरूपमा समाधानका लागि योजनाबद्धरूपले समिति अघि बढिरहेको पनि उनको भनाइ थियो ।

---

# अलपत्र पऱ्यो शीतभण्डार निर्माण

राजविराज, ८ भदौ/रासस

सप्तरीको राजविराज नगरपालिकस्थित देउरी भरुवामा सहकारी शीतभण्डार निर्माणकार्य अलपत्र परेको छ ।

राजविराज –१२ देउरी भरुवामा निर्माणाधीन सो शीतभण्डारको क्षमता तीन हजार मेट्रिक टनको छ। ठेकेदारको चरम लापरवाहीले निर्माण कार्य अहिले रोकिएको छ। ठेकेदार कम्पनीले कोरोना महामारीको बहाना देखाएर विगत ६ महीनादेखि काम स्थागित गरेको बताइएको छ ।

जिल्ला सहकारी सङ्घले सहकारी संस्थाको व्यवस्थापन विस्तार एवं यहाँ उत्पादित कृषि उपजको भण्डारण र व्यवस्थापनमा सहयोग पुऱ्याउने ध्येयले सो कार्य अगाडि बढाएको थियो ।

विसं २०७५ फागुन महीनामा शिलान्यास गरी निर्माण थालिएको शीत भण्डारको काम ५० प्रतिशत पनि सकिएको छैन। स्थानीयवासीका अनुसार शर्मा आशिष ओम साइराम, सानोठिमीले ठेक्का लिएको थियो ।

सङ्घका प्रबन्धक रमेशप्रसाद गुप्ताले शीतभण्डारबाट हजारौं किसानले लाभ लिन सक्ने जनाउँदै शीघ्र निर्माण सम्पन्न गर्न पहल भइरहेको बताए । उहाँका अनुसार यसका लागि पहिलो किस्ता रु तीन करोड बजेट निकासा भएको थियो। अहिले बजेटको अभावमा काम रोकिएको बताइएको छ ।

सङ्घीय र प्रदेश सरकारले समयमा अनुदान रकम दिएका छैनन्। सङ्घीय सरकारको ६०, सङ्घ–संस्थाको २० र स्थानीय तथा प्रदेश सरकारको २० प्रतिशत रकम रहने सो शीतभण्डारको क्षमता ३ हजार मेट्रिक टन रहने जनाइएको छ । पाँच च्याम्बर भएको शीतभण्डारको लम्बाइ ४८ मी, चौडाइ ४०.८५ मी उचाइ ९.५ मी रहने प्राविधिकले जनाएका छन् । कुल ६४ हजार ९८२.६८ वर्गमी जग्गा क्षेत्रफल ओगटेको शीतभण्डार निर्माणमा मूल्य अभिवृद्धि कर बाहेक रु २७ करोड लाग्ने जनाइएको छ ।

---

# ५ लाखको लत्ताकपडा बरामद

प्रस, परवानीपुर, ८ भदौ/

रक्सौलबाट भन्सार छलेर वीरगंज भित्र्याइएको करीब ५ लाख मूल्यबराबरको लत्ताकपडा बरामद भएको छ ।

वीरगंज–१६ इनर्वा–सहदेवा नाका भएर आउँदै गरेका पोके तस्करहरूले सशस्त्रको टोलीलाई देखेपछि कपडा छाडेर भागेका थिए । बिहान ६ बजेको समयमा सशस्त्र प्रहरी सहायक निरीक्षक तिलकबहादुर थापाको कमान्डमा खटेको टोलीले उक्त कपडा बरामद गरेको हो। बरामद लत्ताकपडामा कुर्ता–सुरुवाल, सर्टिङ–सुटिङ रहेको र वीरगंज भन्सारमा बुझाइएको सशस्त्र प्रहरी भन्सार गुल्म वीरगंजका प्रहरी निरीक्षक सुवर्णबहादुर बमले जानकारी गराए ।

---

## फरक समाचार

# उमेर घटाउने र बढाउने खाद्य पदार्थ

हामीले सधैं खानेकुराले हाम्रो उमेर बढाउँछ वा घटाउँछ, यसबारे अमेरिकी वैज्ञानिकले अनुसन्धान गरेका छन्। वैज्ञानिकको भनाइ छ–साधारणतया हामीले खाने कुराले हाम्रो उमेर घटाइरहेको हुन्छ । जस्तै हटडग खाएपछि मनुष्यको



उमेर ३६ मिनेट घट्छ, त्यस्तै बदामको नून मिसिएको गेंडा खानाले उमेरमा २६ मिनेटसम्म वृद्धि हुन्छ ।

खानपानमाथि रिसर्च गर्ने मिशिगन विश्वविद्यालयका वैज्ञानिकले ५ हजारभन्दा बढी खाने कुरामाथि अध्ययन गरे, जसले मनुष्यको स्वास्थ्यमाथि असर पार्थ्यो। वैज्ञानिकले प्रतिदिन खाने कुरा तयार गर्दा र त्यसलाई फालेपछि पर्यावरणमाथि कस्तो असर पर्छ, यसमाथि पनि अध्ययन गरेका थिए ।

शोधकर्ताले हटडग, पिज्जा, योगर्टलगायत ५ हजार ८ सय खाने कुरामाथि अनुसन्धान गरेका छन् । यी खानेकुराको स्वास्थ्य र पर्यावरणमाथि असरबारे पनि अध्ययन गरे । उनीहरूले उमेर बढाउने र घटाउने खानेकुराको सूची बनाए। यसको नाम राखे हेल्थ न्युट्रिशन इन्डेक्स। यस इन्डेक्सलाई ग्लोबल बर्डन ओड डिजिजको आधारमा तयार गरिएको छ ।

कुन वस्तु खाएपछि जीवन घट्छ, यो हटगडको लागि गरिएको गणनाबाट बुझ्न सकिन्छ। वैज्ञानिकहरू भन्छन्– एक ग्राम प्रोसेस्ड मासु खाने अमेरिकीको उमेर ०.४५ मिनेट घट्छ। यसप्रकार ६१ ग्राम प्रोसेस्ड मासु भएको हटडगबाट जीवनको २७ मिनेट कम हुन्छ। यसको अलावा वैज्ञानिकले यसमा हुने सोडियम र ट्रान्सफैटको स्तर हेरे ।

वैज्ञानिकको भनाइ छ बिफ र प्रोसेस्ड मासुबाट लिइने क्यालोरीको १० प्रतिशत भाग फल, तरकारी र गेडागुडीबाट पूरा गर्नुपर्छ। यस्तो गर्दा तपाईंको जीवनको अतिरिक्त ४८ मिनेट बढ्छ र स्वस्थ रहन सक्नुहुन्छ। यसको साथै करीब एकतिहाई डाइटरी कार्बन फूटप्रिन्ट्सलाई घटाउन सकिन्छ।

मिशिगन युनिभर्सिटीमा पर्यावरण स्वास्थ्य विशेषज्ञ ओलिवर जुलियटको भनाइ छ– यस समय खानपानमा बदलाव गरेर मनुष्यलाई स्वस्थ राख्नुको साथै पर्यावरण पनि सफा राख्न निकै जरूरी छ।

उमेर बढाउने खानेकुराः पिनट बटरले ३३ मिनेट, नून मिसिएको बदामले २६ मिनेट, बेक्ड साल्मन माछाले १६ मिनेट, राजमा–भातले १३ मिनेट, केराले १३.५ मिनेट, गोलभेंडाले ३.८ मिनेट, एभोकाडोले ३.८ मिनेट, एप्पल पाइले २६ मिनेट उमेर बढाउँछ।

उमेर घटाउने खानेकुराः हटडगले ३६ मिनेट, सफ्ट पेय पदार्थले १२.४ मिनेट, डबल चीजबर्गरले ८.८ मिनेट, पिज्जाले ७.८ मिनेट, चिकेन विङ्गले ३.३ मिनेट उमेर घटाउँछ।

# कागको पनि कोलेस्ट्रोल बढ्छ

मनुष्यसरह कागको पनि कोलेस्ट्रोल बढ्छ, विशेषगरी शहरी क्षेत्रमा बस्ने कागहरूको। न्युयोर्कको हेमिल्टन कलेजका शोधकर्ताहरूका अनुसार शहरी क्षेत्रमा



बस्ने कागमा कोलेस्ट्रोलको स्तर ग्रामीण क्षेत्रमा बस्ने कागको तुलनामा ५ गुना बढी थियो । अनुसन्धान अनुसार कोलेस्ट्रोल बढ्नुको कारण शहरी क्षेत्रमा कागहरूले चीज बर्गर बढी खाएको बताइएको छ ।

शोधकर्ताले शहरी र ग्रामीण क्षेत्रका १४० वटा कागको रगतको नमूना लिएर जाँच गरे। शोधकर्ताले उनीहरूको बडी मास र शरीरमा रहेको बोसोको मात्रा पनि जाँच गरे । जाँचमा शहरी क्षेत्रमा रहने कागमा कोलेस्ट्रोलको स्तर बढी भेटियो। कोलेस्ट्रोलको स्तर बढ्नुको ठूलो कारण मनुष्य नै थिए ।

शोधकर्ता एन्ड्रिया टाउनसेन्ड भन्छिन्–मान्छेले कहिले कागलाई चीज बर्गर खुवाउँछन् भने कागले भुइँमा खसेको टुक्रा खान्छ। पक्षीमा कोलेस्ट्रोल बढिरहेको छ। यद्यपि यो भन्न गाऱ्हो छ कि यसले उनीहरूको स्वास्थ्यमा कति असर पर्छ। हुन सक्छ यसको असर अहिले नदेखियोस् तर भविष्यमा उनीहरूको स्वास्थ्यमा नकारात्मक असर पर्न सक्छ किनभने मनुष्यमा पनि यसको असर धेरै वर्षपछि देखिएको थियो ।

शोधकर्ताहरूको भनाइ छ पक्षीमा बढेको कोलेस्ट्रोलले हरेक प्रजातिलाई प्रभावित गर्दैन । शोधकर्ताहरूको टीमका अनुसार शहरी क्षेत्रमा बस्ने कागको सर्भाइबल रेट कम पाइएको थियो तर कोलेस्ट्रोलले उनीहरूलाई समस्या गर्दैन । यसले उनीहरूको शरीरलाई गुँडमा बस्न झनै उपयुक्त बनाउँछ । कोलेस्ट्रोल बढ्ने मामिला स्पेनको कैनेरी आइल्यान्डनजीकै देखिएको छ जहाँ मनुष्यको आबादी बढी छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## नयाँ सरकार गठनबारे छलफलमा तालिबानी नेता

काबुल, ८ भदौ/सिन्हवा

तालिबान समूहले यहाँको शासन सत्ता हातमा लिएपछि नयाँ सरकार गठनबारे छलफल गरिरहेको बताइएको छ।



राजधानी काबुलका गल्लीहरूमा गश्ती गर्दै तालिबानी लडाकूहरू । फोटो : एएफपी

तालिबानका संस्थापकमध्ये एक नेता मुल्लाह अब्दुल गनी बरादर नयाँ सरकार गठनको छलफलका लागि गत शनिवार नै राजधानी काबुल पुगेको बताइएको छ।

अफगानिस्तानका अधिकारीलाई उद्धृत गर्दै यहाँका स्थानीय सञ्चारमाध्यमले तालिबानीले नयाँ सरकार गठनका लागि आवश्यक परामर्श थालेको जनाएका छन्।

गनी बरादर तालिबानका प्रभावशाली नेताका रूपमा चिनिन्छन्। उनले नै अफगानिस्तानबाट अमेरिकी सेना फिर्ता गर्ने विषयमा यस अघिको शान्ति वार्ताका क्रममा तयार गरेको सम्झौतामा हस्ताक्षर गरेका थिए।

यति बेला विश्व समुदायले नै अफगानिस्तानमा गठन हुने तालिबानी सरकार कस्तो हुन्छ भन्नेबारे निकै चासोका साथ हेरेका छन्। उता तालिबानी अफगानिस्तानमा समावेशी सरकार गठन गर्ने बताइरहेका छन्।

तालिबानीहरूको यो भनाइप्रति भने विश्व समुदाय विश्वस्त हुन सकेको छैन। यो वाचा गरेको भए पनि यसबारे धेरैमा आशङ्का रहेको छ। यसै कारण पनि जतिसक्दो चाँडै सरकार गठन गर्न तालिबानी लागिपरेका बताइएको छ।

यतिखेर तालिबानले अशरफ घानीको पूर्ववर्ती सरकारसँग मिलेर सङ्कट व्यवस्थापन गरिरहेको बताइएको छ।

बरादरबाहेक कट्टरवादी धारका हक्कानी नेटवर्कका नेता खलिल हक्कानी पनि यतिबेला काबुलमा छन्। उनको नाम अमेरिका र संयुक्त राष्ट्रसङ्घको फरार आतङ्कवादीको सूचीमा पनि रहेको छ।

अघिल्लो हप्ता अफगानिस्तानलाई तालिबानी लडाकूले कब्जा गरेपछि अफगानिस्तान बाहिरसमेत रहेका उच्च तालिबानी नेता स्वदेश फर्कन थालेका छन्।

तालिबानका कतिपय नेता कतारमा रहेका बताइएको थियो। उनीहरू पनि अहिले स्वदेश फर्किरहेका छन्।

हाल तालिबानका चार संस्थापक नेता रहेका बताइएको छ र तीमध्ये एकजना बरादर रहेका र उनी गत शनिवार पहिले कन्धार विमानस्थल आएर त्यसपछि काबुल ओर्लिएको बताइएको थियो।

अफगानिस्तानको कन्धार शहरमा धेरै तालिबानी छन्। तालिबानीहरू कन्धारलाई आफ्नो उद्गमस्थल मान्ने गर्दछन्। रासस

## काबुल विमानस्थल अस्तव्यस्त, देश छोड्न हजारौं नागरिकको भीड

काबुल, ८ भदौ/एएफपी

काबुल विमानस्थल अहिले पनि अव्यवस्थित भीड र भागदौडका कारण अस्तव्यस्त रहेको बताइएको छ।

यहाँ गत आइतवार मात्र कम्तीमा सातजना अफगान नागरिकको मृत्यु भएको बेलायती रक्षा मन्त्रालयले जनाएको थियो। यहाँ अफगान र विदेशी नागरिकको ठूलो भीड लागेको छ।

अफगानिस्तानको सत्तामा तालिबानी आएपछि एकैपटक हजारौं मानिस देश छोडेर भाग्ने प्रयास गर्दा विमानस्थल वरपर ठूलो भीड लाग्ने गरेको छ। गएको हप्तादेखि काबुल अन्तर्राष्ट्रिय विमानस्थल निकै अव्यवस्थाबीच चलिरहेको बताइएको छ।

अगस्त १५ मा तालिबानीले सत्ता कब्जामा लिएपछि संयुक्त राज्य अमेरिका र अफगानिस्तानका सहयोगी राष्ट्रहरूले करीब एक हप्तादेखि सञ्चालनमा ल्याएको उद्धार उडानमा जान ठूलो सङ्ख्यामा मानिस सङ्घर्ष गरिरहेका छन्।

काबुल, काबुल विमानस्थल र वरपरको अवस्था अत्यन्तै चुनौतीपूर्ण रहे पनि मानिसले सुरक्षित व्यवस्थापनको माग गरिरहेका छन्। यहाँको प्रशासनले सक्दो प्रयास गरिरहेको बताए पनि एकैपटक धेरै मानिसले देश छोड्न खोज्दा सम्भव नहुने भएकाले यहाँ अव्यवस्था देखिएको हो। रासस

## भारतमा सङ्क्रमितको सङ्ख्या १५६ दिनपछि सबैभन्दा कम

नयाँ दिल्ली, ८ भदौ/एएनआई

भारतमा कोरोना भाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्या १५६ दिनपछिकै सबैभन्दा कम छ। सरकारी अधिकारीले दिएको जानकारी अनुसार पछिल्लो एक दिनमा भारतमा २५ हजार ४६७ जना नयाँ सङ्क्रमित थपिएका हुन्।

यसैसँगै भारतमा कुल सङ्क्रमितको सङ्ख्या तीन करोड २४ लाख ७४ हजार ७७३ पुगेको छ। पछिल्लो केही हप्तादेखि दैनिक सङ्क्रमितको सङ्ख्या ३० हजारदेखि ४० हजारबीच रहँदै आएकोमा आज २५ हजारको हाराहारीमा झरेको मङ्गलवार जनाएको छ।

दैनिक सङ्क्रमितको सङ्ख्या कम भएपछि भारतमा कोरोना भाइरसको महामारी नियन्त्रण उन्मुख हुँदै गएको भन्दै धेरैले सन्तोष र खुशी व्यक्त गरेका छन्।

मन्त्रालयका अनुसार भारतमा पछिल्लो एक दिनमा ३९ हजार ४८६ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। भारतमा अहिलेसम्म कोरोनामुक्त सङ्ख्या तीन करोड १७ लाख २० हजार ११२ पुगेको सो मन्त्रालयले जनाएको छ।

भारतमा अहिले सङ्क्रमित अवस्थामैं रहेकाको सङ्ख्या भने तीन लाख ३३ हजार ९२४ पुगेको अधिकारीले जनाएका छन्। यो सङ्ख्या १५६ दिनपछिकै सबैभन्दा कम भएको पनि मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार भारतमा अहिलेसम्म कुल चार लाख ३५ हजार ११० जनाको कोरोना भाइरसका कारण मृत्यु भएको छ। तीमध्ये पछिल्लो २४ घण्टामा ३५४ जनाको मृत्यु भएको हो।

कोरोना परीक्षण पनि तीव्ररूपमा भइरहेको छ। पछिल्लो एक दिनमा १२ लाख ९५ हजार १६० जनाको परीक्षण गरिएको छ। योसँगै अहिलेसम्म कुल ५० करोड ९३ लाखभन्दा बढीको परीक्षण भएको छ।

भारतमा अहिलेसम्म कुल ६३ करोड ८५ लाखभन्दा बढी डोज कोरोना भाइरसविरुद्ध खोप दिइसकिएको त्यहाँको मन्त्रालयले जनाएको छ। रासस

## रूस र दक्षिण कोरियाली आणविक दूतबीच छलफल

सोल, ८ भदौ/सिन्हवा

रूस र दक्षिण कोरियाली आणविक दूतबीच कोरियाली प्राय:द्वीपका विषयमा छलफल भएको बताइएको छ।

उक्त मन्त्रालयका अनुसार दुई देशका आणविक दूतबीच कोरियाली प्राय:द्वीपको पछिल्लो गतिविधि र अवस्थाबारे कुराकानी भएको दक्षिण कोरियाली विदेश मन्त्रालयले जानकारी दिएको हो।

कोरियाली प्राय:द्वीपका लागि दक्षिण कोरियाली विशेषदूत नो क्यु डुक र रूसी उपविदेशमन्त्रीबीच मङ्गलवार कुराकानी भएको हो।

रूसी उपविदेशमन्त्री इगोर मोरगुलोभ ६ दिने भ्रमणका लागि हिजो दक्षिण कोरिया पुगेका छन्। उनी कोरियाली प्राय:द्वीपका लागि रूसी विशेष दूत हुन्।

उनीहरूबीच कोरियाली प्राय:द्वीपको पछिल्लो अवस्था र सो क्षेत्रमा अँगाल्नुपर्ने निशस्त्रीकरणबारे पनि आवश्यक छलफल भएको कोरियाली विदेश मन्त्रालयले जानकारी दिएको छ। रासस




### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

### आजको राशिफल

| | |
|---|---|
| मेष – खर्चवृद्धि | वृष – मनोरञ्जन |
| मिथुन – कर्मप्राप्ति | कर्कट – राज्यभय |
| सिंह – रोगभय | कन्या – यात्रालाभ |
| तुला – कडाश्रम | वृश्चिक – कार्यनाश |
| धनु – उदरपीडा | मकर – विजय |
| कुम्भ – धनक्षति | मीन – भाग्योदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रेडक्रस पर्सा र पर्सागढी नपाबीच सम्झौता

प्रस, वीरगंज, ८ भदौ/

नेपाल रेडक्रस सोसाइटी रक्तसञ्चार केन्द्र, पर्सा र पर्सागढी नगरपालिकाबीच मङ्गलवार सम्झौता भएको छ।

पर्सागढी नगरपालिका क्षेत्रका बिरामीहरूलाई निश्शुल्क रगत उपलब्ध गराउन नेपाल रेडक्रस सोसाइटी, पर्साका मन्त्री शैलेन्द्रकुमार चौरसिया र पर्सागढीका प्रमुख प्रशासकीय अधिकृत भरतप्रसाद यादवबीच भएको सम्झौतापत्रमा आज हस्ताक्षर भएको हो।

रक्तसञ्चार केन्द्रले पर्सागढी क्षेत्रका बिरामीहरूलाई रगत वर्गीकरण, रगत ब्याग, क्रसमैचिङ, ग्रुपिङ एवं परीक्षणबापतको शुल्क नगरपालिकाले तिर्ने सम्झौता भएको नेरेसो पर्साले जनाएको छ। नेपाल रेडक्रस सोसाइटी पर्सा शाखामा भएको सो सम्झौतापत्र हस्तान्तरण कार्यक्रममा शाखामा मन्त्री शैलेन्द्रकुमार चौरसिया, पर्सागढी नगरपालिकाका स्वास्थ्य अधिकृत उमेशप्रसाद शाह, लेखा अधिकृत वीरशम्शेरप्रसाद कुर्मी, राजन श्रीवास्तवलगायतको उपस्थिति थियो।

## दुर्घटनामा एकजनाको मृत्यु, एकजना घाइते

महोत्तरी, ८ भदौ/रासस

पूर्व–पश्चिम राजमार्गको महोत्तरी जिल्लामा पर्ने लक्ष्मीनिया वनक्षेत्रमा सडक दुर्घटनामा परी एकजनाको मृत्यु भएको छ। सोमवार राति ज.४प २७०० नंको मोटरसाइकलमा सर्लाहीतर्फ जाँदै गरेका धनुषा जिल्लाको मिथिला नगरपालिका–३ का ३३ वर्षीय धनपैत महतोको दुर्घटनामा परी मृत्यु भएको हो। महतोकै मोटरसाइकलमा पछाडि बसेका सर्लाहीको हरिओन नगरपालिकाको अत्रौलीका १३ वर्षीय नवीन महतो गम्भीर घाइते भएका इलाका प्रहरी कार्यालय, बर्दिवासले जनाएको हो।

राति करीब १० बजे महतो चढेको मोटरसाइकललाई पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको ना.३ख ८८०० नंको तेल ट्याङ्करले ठक्कर दिंदा दुर्घटना भएको प्रहरीले जानकारी दिएको छ। दुर्घटनामा परी घाइते भएका दुवैलाई तत्काल उद्धार गरी बर्दिवास–१४ स्थित शुभस्वस्तिक अस्पताल पुर्‍याइएको र अस्पतालमैं चिकित्सकले धनपैतको मृत्यु भएको घोषणा गरेको इप्रका बर्दिवासका प्रहरी नायब उपरीक्षक वीरेन्द्र थापाले बताए। अर्का घाइते नवीनलाई थप उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पठाइएको छ।

मृतक महतोको शव परीक्षण गर्न आज बिहान प्रादेशिक अस्पताल जनकपुरधाम पठाइएको छ। तेल टयाङ्कर, त्यसका चालक र मोटरसाइकल प्रहरीले नियन्त्रणमा राखेको जनाएको छ।

**बालिकाको मृत्यु**

राजविराज/

पूर्व–पश्चिम राजमार्ग अन्तर्गत सप्तरीको सुरुङ्गा नगरपालिकास्थित कदमहामा आज बिहान भएको सवारी दुर्घटनामा परी एक बालिकाको ज्यान गएको छ। पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको को.१ख ६९५६ नंको तेल ट्याङ्कर सुरुङ्गा नगरपालिकास्थित दीलिप एन्ड ब्रदर्श पेट्रोलपम्प नजीक रोकिराखेको अवस्थामा सोही दिशातर्फ जाँदै गरेको ना.८ख ३४२२ नको ट्रकले पछाडिबाट ठक्कर दिंदा ट्रक चालक सुनसरी रामधुनी इकराही नपा–४ बस्ने आशाराम चौधरीकी नौ वर्षीय छोरी मेनुका चौधरीको घटनास्थलमैं मृत्यु भएको प्रहरीले जनाएको छ।

सो घटनामा ट्रक चालक ४५ वर्षीय आशाराम चौधरी, निजकी ४० वर्षीया पत्नी चन्द्रकला थरूनी निजका छोरा आशिष चौधरी घाइते भएका छन्। उनीहरूलाई उपचारका लागि सप्तऋषि अस्पताल लहान पठाइएको छ भने ट्रक र टयाङ्कर प्रहरीको नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। टयाङ्कर चालक तत्काल फरार रहेको र खोजी भइरहेको प्रहरीले जनाएको छ।

## गबारो कीराले धानबाली नष्ट गर्दै

बलिराम शुक्ल, बिरुवागुठी, ८ भदौ/

पर्सागढी नगरपालिकालगायत आसपास क्षेत्रमा किसानले लगाएको धानबालीमा गबारो कीराको प्रकोप देखा परेको छ।




धान रोपाइँ गरेपछि पटक–पटक वर्षा भएको कारण खेतको पानी सुक्न नपाउँदा गबारो कीराको प्रकोप देखा परेको पर्सागढीका श्रवणकुमार चौधरीले बताए।

गबारो कीरा धानको जरा वा डाँठमा बसी गुबा र जरा काट्ने गर्छ, जसले गर्दा धान पहेंलो भई मर्ने गरेको किसानले बताए। पर्सागढी नगरपालिका, हरपुर कृषि शाखा प्रमुख खड्गप्रसाद खत्रीका अनुसार अधिकांश धानबालीमा गबारो कीराको प्रकोप देखा परेको र रोकथामको लागि खेतमा प्रकाशको पासो बनाइ वयस्क पुतलीलाई आकर्षित गरी मार्नुपर्ने वा विषादी प्रयोग गर्नुपर्ने बताए।

उनले कारटाप हाइड्रोक्लोराइड २ जीआर वा फिप्रोनिल ०.३ जिआर औषधि युरिया वा बालुवामा मिसाइ खेतमा छर्न सुझाव दिएका छन्।

## कक्षा १२ को परीक्षा चाँडो सञ्चालन गर्न निर्देशन

काठमाडौं, ८ भदौ/रासस

प्रतिनिधिसभा, शिक्षा तथा स्वास्थ्य समितिले स्वास्थ्य मापदण्ड र भौतिक दूरी कायम गरी यथाशीघ्र ‘होम सेन्टर’ मा कक्षा १२ को परीक्षा सञ्चालन गर्न निर्देश गरेको छ।

समितिको आज बसेको बैठकले परीक्षा रोकिंदा बालबालिकामा मानसिक असर परेकोले खोपको व्यवस्थापन गर्दै परीक्षा गराउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देश गरेको छ। समितिले कोभिडका कारण कलेजमा अरू क्रियाकलाप नभएकोले इन्जिनीयरिङ कलेजले पढाइ शुल्कबाहेक अरू शुल्क नलिने व्यवस्था मिलाउन पनि सरकारलाई निर्देश गरेको छ।

अरू तहका परीक्षा सञ्चालन भइरहँदा १२ कक्षाको मात्रै पटक–पटक स्थगित भएको भन्दै समितिले सरोकारवाला निकायका प्रतिनिधि बोलाएर छलफल गर्दै आएको थियो।

राष्ट्रिय परीक्षा बोर्डले ‘होम सेन्टर’ मा नै परीक्षा गराउने तयारी गरे पनि सिसिएमसीको निर्णयका कारण स्थगित भएको थियो।

## युवा स्पोर्ट्स क्लब बडनिहारको साधारणसभा

प्रस, पर्सागढी, ८ भदौ/

पर्सागढी नगरपालिका–३ स्थित युवा स्पोर्ट्स क्लब बडनिहारको साधारणसभा सम्पन्न भएको छ। क्लबका अध्यक्ष यमबहादुर थापाको अध्यक्षतामा भएको साधारणसभामा विभिन्न प्रस्तावमाथि छलफल तथा निर्णय गरिएको छ। साधारणसभाले ११ सदस्यीय समिति गठन गरेको छ। समितिको अध्यक्षमा सन्दीप तामाङ, उपाध्यक्ष हीराबहादुर क्षत्री, सचिव हरि थापा, सदस्यहरू मोहन गुरुङ, वासुदेव सुवेदीलगायत छन्।




## अधिकांश.......

करोड ५३ लाख ८६ हजार २३४, रिडी हाइड्रोपावर रु ४७ करोड २० लाख एक हजार ९१९ र नेपाल बैंक रु ४१ करोड ७६ लाख ८९ हजारबराबरको कारोबार भई शीर्ष स्थानमा रहे।

नेप्सेका अनुसार गुर्खाज फाइनान्स र जीवन विकास लघुवित्तको शेयर मूल्य १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लाग्यो। सेन्ट्रल फाइनान्स ७.४७, नेको इन्स्योरेन्स ५.०६ र जनरल इन्स्योरेन्सका शेयरधनीले ४.४९ प्रतिशतले कमाए।

**१६ कम्पनीको शेयरमा नकारात्मक सर्किट**

नेप्सेका अनुसार आज अधिकांश जलविद्युत् कम्पनीको शेयरमा नकारात्मक सर्किट लागेको छ। विवरण अनुसार १६ कम्पनीको शेयर मूल्य १० प्रतिशतले ओरालो लागेपछि नकारात्मक सर्किट लागेको हो। सबैभन्दा बढी नेशनल हाइड्रोपावरको शेयर रु ४८ ले घटेको छ। एचआइडिसिएल, खानीखोला हाइड्रोपावर, दिव्यश्वरी हाइड्रोपावर, सिनर्जी पावर, नेपाल हाइड्रो डेभलपर, कालिका पावर कम्पनी, आँखुखोला जलविद्युत् कम्पनी, जोशी हाइड्रोपावर, घलेम्दी हाइड्रोपावर, युनिभर्सल पावर कम्पनी, युनियन हाइड्रोपावर, शिवश्री हाइड्रोपावर, रुरु जलविद्युत् परियोजनाको शेयर मूल्य १० प्रतिशतले घटेको छ।

यस्तै, पञ्चकन्यामाई हाइड्रोपावर, ९.९९, हिमालयन पावर पार्टनर ९.९९, लिबर्टी इनर्जी ९.९२, र माउन्टेन हाइड्रो नेपालका लगानीकर्ताले ९.८६ प्रतिशतले गुमाएका छन्। अधिकांश जलविद्युत् कम्पनीको शेयर मूल्य ओरालो लाग्दा नेप्सेले पनि ओरालोको यात्रा तय गरेको हो।

# ठोरीमा भाइरल ज्वरोको प्रकोप

प्रस, ठोरी, ८ भदौ/

ठोरी गाउँपालिकामा भाइरल ज्वरोका बिरामी बढ्दै गएका छन् ।



क्लिनिकमा उपचार गराउँदै भाइरल ज्वरोका बिरामी । तस्वीरः प्रतीक

अहिले ठोरीका क्लिनिकहरूमा भाइरल ज्वरो उपचार गराउनेहरूको भीड लागेको छ ।

गर्मी, वर्षासँगै मौसममा आएको परिवर्तनले भाइरल ज्वरोका बिरामी बढेको सुवर्णपुरमा उन्नति मेडिकल हल सञ्चालक सुरेश साहले बताए । उनले दैनिक १०–१५ जना भाइरल ज्वरोका बिरामी उपचारका लागि आउने गरेको बताए । ज्वरो आउने, टाउको दुख्ने, रुघाखोकी लाग्ने, शरीर दुख्नेलगायत लक्षण बिरामीमा देखिएको साहले बताए । विजयबस्तीस्थित पर्सा हेल्थ क्लिनिकमा पनि बिरामीहरूको चाप बढेको छ । अधिकांश बिरामीमा टाइफाइड देखिएको क्लिनिक सञ्चालक अश्विनीकुमार यादवले जानकारी दिए।

गौरो क्लिनिकका सञ्चालक अजबीनाथ गौरोका अनुसार प्रतिदिन १५ जना भाइरल ज्वरोका बिरामी उपचारका लागि आउने गरेको र उनीहरूमध्ये ५० प्रतिशतमा टाइफाइड देखिएको बताए ।

ठोरी गापा–४ का हस्तबहादुर पाखिनले आफ्नो घरका सबै सदस्य भाइरल ज्वरोले ग्रसित भएको बताए । त्यस्तै उनका छिमेकी टङ्कप्रसाद तिमल्सिनाका सम्पूर्ण परिवार पनि ज्वरोको चपेटामा छन् । भाइरल ज्वरो सरुवा रोग भएकोले घरका एकजनामा देखिएपछि अन्य सदस्यलाई पनि सर्ने स्वास्थ्यकर्मीहरू बताउँछन् ।

मौसम परिवर्तनको समय भएकोले यतिबेला ज्वरोका बिरामी बढ्नु स्वाभाविक भएको ठोरी गापाका स्वास्थ्य संयोजक रमेशराज थिङले जानकारी दिए। उनले ठोरीमा ज्वरोका बिरामीको सङ्ख्या बढेको भए पनि महामारी नरहेको बताए ।

# आगलागी पीडितलाई राहत वितरण

प्रस, वीरगंज, ८ भदौ/

धोबिनी गाउँपालिका–५ अन्तर्गत धोबिनी टोलका आगलागी पीडित आठवटा परिवारलाई नेपाल रेडक्रस सोसाइटी, पर्साले राहत वितरण गरेको छ ।

आगलागी पीडित योगेन्द्रमहरा चमार, लक्ष्मणमहरा चमार, रामायण महरा चमार, मदनमहरा चमार, राजेश महरा चमार, नथुनी हजरा, मङ्गलमहरा चमार, ललनमहरा चमार गरी ८ घर परिवारलाई राहत उपलब्ध गराइएको नेरेसो पर्साले जनाएको छ ।



तस्वीरः प्रतीक

कार्यक्रममा रेडक्रस पर्साका उपकोषाध्यक्ष दयाशङ्कर सिंह, वडाअध्यक्ष मनव्वर अहमद, वडा सदस्य भोला अन्सारीलगायतले आगलागी पीडितलाई राहत वितरण गरेको रेडक्रस प्रदेश २ का सहकोषाध्यक्ष सल्लाउदिन अहमदले जानकारी दिएका छन् ।

# सुक्खा बन्दरगाहमा मास्क अभियान

प्रस, पोखरिया, ८ भदौ/

नेपाल प्रहरीद्वारा सञ्चालित तपाईंको मास्क खोइ ? साताव्यापी अभियान अन्तर्गत मङ्गलवार सुक्खा बन्दरगाहमा जिल्ला ट्राफिक प्रहरी कार्यालय र प्रहरीले मास्क वितरण गरेको हो ।



ड्राइपोर्टमा मास्क नलगाउनेहरूलाई मास्क वितरण गर्दै । तस्वीरः प्रतीक

ग्रामीण क्षेत्रबाट पर्सा, बारामा रहेका उद्योग, कलकारखानाहरूमा काम गर्ने मजदूरहरू ओहोरदोहोर गर्ने बिहानी समयमा प्रहरीले मास्क नहुने सबैलाई मास्क लगाउन वितरण गरेको थियो । सो क्रममा प्रहरीले मास्क नहुनेलाई मास्क नलगाइ नहिंड्न सचेत पनि गराएको थियो ।






# जसपा नेपालको बैठक

प्रस, वीरगंज, ८ भदौ/

जसपा नेपाल पर्साको बैठक सम्पन्न भएको छ ।

पार्टीको केन्द्रीय कार्यालयले देशव्यापीरूपमा गर्ने अभिमुखीकरण कार्यक्रम अन्तर्गत वीरगंजमा भदौ १२ गते हुने अभिमुखीकरण कार्यक्रमको तयारीको लागि मङ्गलवार बैठक बसेको थियो । बैठकले अभिमुखीकरण कार्यक्रमको तयारीको लागि विभिन्न समिति निर्माण गरेको छ ।

वीरगंजलाई केन्द्रीय नेताहरूले विशेष प्राथमिकतामा राखेर अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने हुँदा पर्सा जिल्लामा विशेष तयारी गरिएको जिल्ला अध्यक्ष रामनरेशप्रसाद यादवले बताए । उनको अध्यक्षतामा बसेको बैठकमा जिसस पर्साका सभापति नेकमहम्मद अन्सारी, कुन्दन पटेल, हरेन्द्र साह, शेख रुस्तम, सरोज यादव, तबरेज अहमदलगायतको सहभागिता थियो ।

## नेपालमा....

अनुरूप उपयुक्त हुने स्थानीय साझेदारहरूसँग सम्बन्ध विस्तार गर्न सहभागीहरूलाई प्रोत्साहित गरे ।

भारतीय राजदूतावासले बितेका केही वर्षमा भारतीय पूर्वाधार कम्पनीहरूले भारतभित्र तथा भारतबाहिर प्रमुख परियोजनाहरूको विकास गर्दै गुणस्तरीय निर्माण समयावधिभित्र सम्पन्न गर्न सकेको बताएको थियो ।

भारतीय पूर्वाधार कम्पनीहरूलाई नेपालमा वृद्धि भइरहेका पूर्वाधार क्षेत्रमा आकर्षित गरी नेपालका साझेदारहरूसँग हातेमालो गर्दै प्रविधि, सीप र ज्ञान आदानप्रदान गर्न अन्तर्क्रिया गरेको दूतावासले प्रस्ट्याएको छ ।

कार्यक्रमको सहजीकरण जिएमआर इनर्जीका प्रमुख कार्यकारी अधिकृत एसएन बर्देले गरेका थिए ।

# खेलकूदको संसार

## दुवै खेलमा निर्मल समाज क्लब ठोरी विजयी

प्रस, ठोरी, ८ भदौ/

अमृत युवा क्लब ठोरीको आयोजनामा सुन्दरबस्ती ठोरी गाउँपालिका–२ मा सञ्चालित नकआउट फूटबल प्रतियोगिता अन्तर्गत मङ्गलवार भएका दुई खेलमा निर्मल समाज क्लब ठोरी–१ र निर्मल समाज क्लब ठोरी–४ विजयी भएका छन् ।



तस्वीरः प्रतीक

आज भएको पहिलो खेलमा निर्मल समाज क्लब ठोरी–१ ले वनशक्ति स्पोर्ट्स क्लब 'बी'लाई टाइब्रेकरमा पराजित गरेको थियो । निर्धारित समयको खेलमा दुवैबीच एक/एक गोलको बराबरी भएपछि टाइब्रेकरबाट निर्णय गरिएको हो । टाइब्रेकरमा निर्मल समाजले पाँचवटै बल गोलमा परिणत गऱ्यो भने वनशक्ति युवा क्लबले एउटा बल गोल गर्न चुक्यो । पहिलो खेलको 'म्यान अफ दि म्याच' निर्मल समाज क्लबका गोलकीपर सन्दीप तामाङ घोषित भए ।

यसैगरी, दोस्रो खेलमा निर्मल समाज युवा क्लब ठोरी–४ ले श्री स्टार क्लब ठोरी–१ लाई एक गोलअन्तरले पराजित गऱ्यो । निर्मल समाजका अमिर तामाङले मध्याह्नपूर्व गरेको एक गोल आजको खेलको निर्णायक ठहरियो । दोस्रो खेलको 'म्यान अफ दि म्याच' अमिर तामाङ घोषित भए ।

बुधवार एउटा प्रतियोगिता हुने आयोजक कमिटीका अध्यक्ष यादवराज कुँवरले बताए । अमृत युवा क्लब 'ए' र विजयबस्ती युवा क्लब ठोरी–४ बीच भोलि खेल हुनेछ ।

## त्रिकोणात्मक सिरिज खेल्न नेपाली क्रिकेट टोली ओमानतर्फ

काठमाडौं, ८ भदौ/रासस

ओमान र अमेरिकासितको विश्वकप लिग–२ अन्तर्गतको त्रिकोणात्मक क्रिकेट सिरिज खेल्न नेपाली टोली मङ्गलवार ओमान प्रस्थान गरेको छ । सत्र खेलाडीसहित २२ सदस्यीय टोली आज त्रिभुवन विमानस्थलबाट सलाम एयरबाट ओमानका लागि उडेको हो ।

नेपाली टोलीलाई राष्ट्रिय खेलकूद परिषद् (राखेप) का सदस्य सचिव रमेशकुमार सिलवाल, नेपाल क्रिकेट सङ्घ (क्यान)का अध्यक्ष चतुरबहादुर चन्द, क्यानका कोषाध्यक्ष रोशनकुमार सिंहलगायतले बिदाइ गरेका थिए । ज्ञानेन्द्र मल्लको कप्तानीमा गुलशन झा, दीपेन्द्रसिंह ऐरी, कुशल भुर्तेल, आशिफ शेख, आरिफ शेख, कुशल मल्ल, विनोद भण्डारी, करण केसी, सोमपाल कामी, सन्दीप लामिछाने, पवन सर्राफ, अविनाश बोहरा, रोहितकुमार पौडेल, सुशन भारी, शरद भेषवाकर र विक्रम सोव सिरिज खेल्न ओमान गएका हुन् ।

यस्तै, टोलीमा मुख्य प्रशिक्षक डेभ वाटमोर, व्यवस्थापक मोहम्मद दाउद अन्सारी, टेक्निकल एनालिस्ट रमन शिवाकोटी, फिजियो विक्रम न्यौपाने र ट्रेनर राकेश काशीभाइ गोहित रहेका छन् । ओमान सिरिज भदौ २८ देखि असोज ४ गतेसम्म सञ्चालन हुनेछ । त्रिकोणात्मक सिरिजमा नेपालले ओमान र अमेरिकासँग दुई/दुई खेल खेल्नेछ । आइसिसी विश्वकप क्रिकेट लिग–२ अन्तर्गत ओमान र अमेरिकासितको त्रिकोणात्मक एकदिवसीय सिरिजअघि नेपालले यही भदौ २० र २३ गते ओमानमा पपुवा न्यूगिनीसित दुई एकदिवसीय खेल खेल्ने तय भएको क्यानका अध्यक्ष चन्दले जानकारी दिए ।

विश्वकप लिग–२ मा नेपाल रहेको समूहमा पपुवा न्यूगिनी, ओमान, अमेरिका, स्कटल्यान्ड, नामिबिया र युनाइटेड अरब इमिरेटस् (युएई) रहेका छन् । लिग–२ अन्तर्गत नेपालले हालसम्म ओमान र अमेरिकासँग चार खेल खेलिसकेको छ । नेपालले चार खेलमध्ये दुईमा जीत तथा दुईमा हार बेहोर्दै चार अङ्क जोडेको छ । नेपाल आफ्नो समूहको अङ्कतालिकाको छैटौं स्थानमा छ ।

लिग–२ अन्तर्गत सन् २०२३ सम्म प्रत्येक टोलीले ३६ एकदिवसीय खेल खेल्नेछ । लिग–२ का शीर्ष तीन टोली सन् २०२३ मा भारतमा आयोजना हुने एकदिवसीय विश्वकपका लागि ग्लोबल छनोटमा स्थान बनाउनेछन् भने पुछारमा रहने चार टोलीले प्लेअफ खेल्नेछन् ।

# मौसममा सुधार हुन अझै केही दिन लाग्ने

काठमाडौं, ८ भदौ/रासस

मनसुनी वायुका कारण मौसममा सुधार हुन अझै केही दिन लाग्ने भएको छ । बङ्गालको खाडीबाट आएको जलवाष्पयुक्त हावाका कारण मनसुनी गतिविधि अझै सक्रिय रहेको हो ।

"अहिलेको अवस्था हेर्दा मौसममा सुधार हुने देखिएको छैन । बुधवारदेखि मनसुन थप सक्रिय हुने सम्भावना छ ।" जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् वरुण पौडेलले बताए । शुक्रवारसम्म देशका धेरैजसो स्थानमा बदली रहनाका साथै हल्कादेखि मध्यम वर्षा हुने र केही स्थानमा भारी वर्षाको सम्भावना रहेको छ । त्यस अवधिमा दिउँसोभन्दा राति र बिहान पानी धेरै पर्ने बताइएको छ ।

हाल देशभर सामान्य बदली रही प्रदेश नं १, गण्डकी, कर्णाली र सुदूरपश्चिमका केही र अन्य प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको र वाग्मती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका एक वा दुई स्थानमा मेघ गर्जन र चट्याङसहित भारी वर्षाको सम्भावना रहेको छ ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम २०.६ डिग्री र अधिकतम तापक्रम २४.५ डिग्री सेल्सियस रहेको छ । त्यस्तै आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम १६.५ डिग्री र सबैभन्दा धेरै धनगढीको अधिकतम तापक्रम ३३.७ डिग्री सेल्सियस रहेको छ ।



बारा जिल्लाको निजगढ नगरपालिकामा रहेको पशु बजारमा बिक्रीको लागि राखिएका खसीहरू । तस्वीरः नितेश कर्ण